# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## कैलाश गाउँपालिका, मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्छ्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ६७२

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कैलाश गाउँपालिका, मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ६९ लाख ९४ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.१ करोड ८० लाख ३५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.२ करोड २९ लाख ८१ हजार, नियमित गर्नुपर्ने रू.४९ लाख ५७ हजार र पेश्की रू.१० लाख २० हजार रहेको छ । पालिकाको गतवर्षसम्मको रु. ५ करोड ७२ लाख ३८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट रु. ७ लाख २८ हजार फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ३५ लाख ४ हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# कैलाश गाउँपालिका, मकवानपुर

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३५ | ३७ | ४६९९४ | ० | ० | ० | ३५ | ३७ | ४६९९४ | १८०३५ | ४९५७ | २२९८१ | ० | ० | २७९३९ | १०२० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ५७२३८ | ० | ७२८ | ५६५१० | ० | ४६९९४ | १०३५०४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कैलाश गाउँपालिका, मकवानपुर , कैलाश गाउँपालिका , मकवानपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री देवराज चौलागाई | २०७८-२-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री राम प्रसाद शर्मा | २०७७-३-१ | |
| लेखा प्रमुख | लेखापाल श्री नविन धिताल | २०७८-१२-१ | |
| लेखा प्रमुख | ले.अ. श्री नविन कुमार गोले | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४६,९९३,५४८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,१३,३४,७२३.११ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९,०४,५४,८१० | चालु खर्च | २०,९०,९५,२४१.५३ |
| प्रदेश सरकारबाट अनुदान | ५,६९,९४,००० | पूँजीगत खर्च | १९,५८,३२,०१५ |
| राजश्व बाँडफाँट | २,८६,०४,७९५.८९ | वित्तीय/अन्य व्यवस्था | ३३,२२,७६६ |
| आन्तरिक आय | ८,६९,२९,१३२.७६ | | |
| अन्य आय | १३,५९,७८४.६२ | | |
| कुल आय | ४६,४३,४२,५२३.२७ | कुल खर्च | ४०,८२,५०,०२२.५३ |
| बाँकी मौज्दात | | १२,७४,२७,२२३.८५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्वेश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्धेश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित २३९२२ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १० वडा वाट ५ वटा गाउँसभा रहेका छन् । गाउँपालिकाले कैलाश गाउँपालिकाको आधार कृषि, पर्यटन र पूर्वाधार भन्ने लक्ष्य तह गरेको छ । | |
| २ | | | **स्थानीय संचितकोष**<br>**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५३,३३,६६,२२६.८९ | ४६,४३,४२,५२३.२७ | ४६,४३,४२,५२३.२७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४८,१२,४९,३४५.८९ | ४५,५८,५६,०२२.२७ | ४५,५८,५६,०२२.२७ |
| ११००० कर | १०,०९,१५,७४० | ८,६९,२९,१३२.७६ | ८,६९,२९,१३२.७६ |
| १३००० अनुदान | ३५,१७,२८,८१० | ३४,७४,४८,८१० | ३४,७४,४८,८१० |
| संघीय सरकार | २९,४७,३४,८१० | २९,०४,५४,८१० | २९,०४,५४,८१० |
| प्रदेश सरकार | ५,६९,९४,००० | ५,६९,९४,००० | ५,६९,९४,००० |
| १४००० अन्य राजस्व | २,८६,०४,७९५.८९ | २,१४,७८,०७९.५१ | २,१४,७८,०७९.५१ |
| ख. अन्य प्राप्ति | ५,२१,१६,८८१ | ८४,८६,५०१ | ८४,८६,५०१ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ४०,९०,८८१ | ४८,९०,८८० | ४८,९०,८८० |
| धरौटी | ० | ३५,९५,६२१ | ३५,९५,६२१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ४,८०,२६,००० | ० | ० |
| भुक्तानी (ग+घ) | ६०,४४,५९,७९६ | ४०,८२,५०,०२२.५३ | ४०,८२,५०,०२२.५३ |

| | | | |
|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५,२३,४२,९१५ | ४०,४९,२७,२५६.५३ | ४०,४९,२७,२५६.५३ |
| २१००० पारिश्रमिक / सुविधा | १३,७२,३१,८१० | १०,९०,४१,०२१.५४ | १०,९०,४१,०२१.५४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ९,८३,६२,७४० | ७,३२,४३,२९३.६७ | ७,३२,४३,२९३.६७ |
| २५००० सहायता (Subsidy) | २,४३,९१,००० | १,९५,८८,९९४.३२ | १,९५,८८,९९४.३२ |
| २६००० अनुदान | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ५६,९६,४०० | ५१,४९,२१७ | ५१,४९,२१७ |
| २८००० अन्य खर्च | २५,६४,८६० | २०,७२,७१५ | २०,७२,७१५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८,४०,९६,१०५ | १९,५८,३२,०१५ | १९,५८,३२,०१५ |
| घ. अन्य भूक्तानी | ५,२१,१६,८८१ | ३३,२२,७६६ | ३३,२२,७६६ |
| कोषहरु | ४०,९०,८८१ | २७,५२,५५६ | २७,५२,५५६ |
| धरौटी | ० | ५,७४,३४० | ५,७४,३४० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ४,८०,२६,००० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४,१३० | -४,१३० |
| ङ. यो वर्षको बचत (न्युन) | (७,१०,९३,५६९.११) | ५,६०,९२,५००.७४ | ५,६०,९२,५००.७४ |


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७,१३,३४,७२३.११ | ७,१३,३४,७२३.११ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (७,१०,९३,५६९.११) | १२,७४,२७,२२३.८५ | १२,७४,२७,२२३.८५ |

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको (CGAS ) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको देहाय अनुसारको रकम समावेस गरेको छैन। पालिकाले समग्र आर्थिक कारोवार समेटीने गरी एकिकृत वित्तीय विवरण तयार गर्नु पर्दछ।

क) नेपाल सरकार (संघ)

| क्र.सं. | बजेट मूल शिर्षक नं. | अन्तिम बजेट | निकासा | खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५५०५६०००।- | ५५०२३८३४।- | ५५०२३८३४।- | ३२१६६।- |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८५०००००।- | ५८४००००।- | ५८४००००।- | २६६००००। |
| ३ | गरिब सँग विश्वेश्वर कार्यक्रम | ७७७०००।- | ७२८४४५।- | ७२८४४५।- | ४८५५५।- |
| ४ | स्थानीय पूर्वाधार विकास साभेदारी कार्यक्रम | ४९५५०००।- | २५०५७२४।- | २५०५७२४।- | २४४९२७६। |
| | जम्मा | ६९२८८०००।- | ६४०९८००३।- | ६४०९८००३।- | ५१,८९,९९७।- |
| | (क) प्रदेश सरकार | | | | |
| | प्रदेश पूर्वाधार | १३३९६०००।- | ११९८२१२७।- | ११९८२१२७।- | १४१३८७३।- |

| | | | | |
|---|---|---|---|---|
| | | | विकास कार्यक्रम | |
| ३ | | २०७९-१-४ | **जिम्मेवारी फरक** –<br>**जिम्मेवारी फरक** – स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.७१२५९१४८।११ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.७१३३४७२३।११ जिम्मेवारी सारी रु.७५५७५।- बढी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक रु १२२०००। हिसाव मिलान गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृत्ती भएको छ । यस्तो फरक रकमको वास्तविकता पहिचान गरी जिम्मेवारी यथार्थपरक वनाउनु पर्दछ । | |
| ४ | | | **मौज्दात मिलान**<br>**विवरण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानूनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।<br>**स्वीकृत ढाँचा** – स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धाण गरे वमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाकंन गरेको छ । तर अनुसूची तथा खुलासा (Disclosure) हरु पूर्ण रुपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा दफागत रुपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।<br>**मौज्दात फरक**<br>**१। मौज्दात फरक** – प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचा अन्तर्गत प्रतिवेदनको म.ले.प.फारम २७२ वित्तीय प्रतिवेदन र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको स्थानीय तहको एकिकृत वित्तीय विवरण (रिपोर्ट १) ले देहाय अनुसार यस वर्षान्तको मौज्दातमा रु.३७०४५०४।– र हाल सम्मको मौज्दातमा रु.३९४५६५८।– फरक देखिएको छ । यस्तो फरक मौज्दातको समयमा नै हिसाव मिलान हुनु पर्दछ । | |

| विवरण | यस वर्षान्तको मौज्दात | हाल सम्मको मौज्दात |
|---|---|---|
| वित्तीय विवरण म.ले.प.फा.नं.२७२ अनुसार | ५६०९२५००।७४ | १२७४२७२२३।८४ |
| संचित कोषको अवस्था अनुसूची १० अनुसार | ५२३८७९९६।७४ | १२३४८१५६५।८५ |
| २७२ मा बढी | ३७०४५०४।- | ३९४५६५८।- |

**२।** यस पालीकाको संचित कोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ र पालीका कै स्थानीय तहहरुको एकिकृत वित्तीय विवरणको समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ । यस्तो फरक रकमले पालीकाको संचित कोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुँदा समयमा नै हिसाव मिलान गरिनु पर्दछ ।

| विवरण | संचित कोष (म.ले.प.फा.नं.२७२ अनुसार | स्थानीय तहको एकिकृत वित्तीय विवरण रिपोर्ट -१ अनुसार | फरक |
|---|---|---|---|
| प्राप्ती | ४६,४३,४२,५२३।२७ | ५२,८४,०८,८२२।३८ | (६४०६६२११।११) |
| खर्च | ४०,८२,५०,०२२।५३ | ४०,४९,२७,२५६।५३ | ३३२२७६६।- |
| मौज्दात | ५,६०,९२,५००।७४ | १२,३४,८१,५६५।८५ | (६,७३,८९,०६५।११) |

**३।** यस वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको वैंक मौज्दात, पालिकाको संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले देखाएको वैंक मौज्दात भन्दा रु.४,६१,०३,८४३।६८ कम देखिएको छ ।बैंक मौज्दात कम देखिएको सम्वन्धमा स्पष्ट गरिनु पर्दछ ।

| विवरण | मौज्दात |
|---|---|
| १.वर्षान्तमा संचित कोषको वैंक नगदी किताव अनुसारको मौज्दात | ८,१३,२३,३९०।१७ |
| २.संचित कोषको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसारको वैंक मौज्दात | १२,७४,२७,२३३।८५ |
| वैंकमा घटी मौज्दात | ४,६१,०३,८४३।६८ |

**४। बैंक हिसाव मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) वमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको शिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सो वमोजिम कार्यालयले मासिक रुपमा श्रेस्ता र बैंक खाताको

हिसाव मिलान विवरण तयार गर्नु पर्नेमा वर्षान्त सम्ममा पनि तयार गरेको पाइएन । लेखा परीक्षण अवधिमा उक्त हिसाव मिलान विवरण तयार गरी पेश भएको छ । निम्नानुसारको वैंक हिसाव मिलान विवरणमा सानिमा वैंक लिमिटेडको ५ वटा वैंक खाताको फरक रकमको रु.९३६७१३५।– हिसाव मिलान गरेको छैन । सम्पूर्ण वैंक खाताको फरक रकमको हिसाव मिलान गरी लेखा अद्यावधिक गरिनु पर्दछ ।

| क्र.सं. | खाता नं. | खाताको प्रकार | खाता अनुसार बाँकी | बैंक अनुसार बाँकी | फरक रकम | फरक पर्नुको कारण |
|---|---|---|---|---|---|---|
| १ | ६.५०१E+१३ | ग-३.१ कैलाश गा.पा.धरौटी खाता | ३१५४४७० | ५१२१७०८ | १९६७२३८ | |
| २ | ६.५०१E+१३ | ग-१.२ कैलाश गा.पा बाँडफाँडवाट प्राप्त राजश्व | ० | ६६१८१६.७२ | ६६१८१६.७२ | आम्दानी लेख्न नभ्याएको |
| ३ | ६.५०१E+१३ | ग-२.७ कैलाश गा.पा. विविध खर्च खाता | ० | ४३५०९७०.७३ | ४३५०९७०.७३ | सामाजिक सुरक्षाको रकम फिर्ता गर्नुपर्ने तथा पिएलजिएसपीको रकम आम्दानी गर्नुपर्ने |
| ४ | ६.५०१E+१३ | ग-६.१ कैलाश गा.पा.विभाज्य कोष खाता | ० | १९८११३४ | १९८११३४ | आम्दानी लेख्न नभ्याएको |
| ५ | ६.५०१E+१३ | ग-१.१कैलाश गा.पा.आन्तरिक राजश्व खाता | ० | ४०५९७६ | ४०५९७६ | आम्दानी लेख्न नभ्याएको |
| | | जम्मा | ३१५४४७० | १२५२१६०५.४५ | ९३६७१३५ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **कल्याण कोषः** | ८००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यसवर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याणकोषमा रू ८००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था गाउँपालिका अनुदानबाट सोभै कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीयतहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रू. | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• · नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• · नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• · कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा नगरपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन ।
- नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्याबधिक देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।
- नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **बजेट** | |
| ७.१ | | | बजेट पेश, पारित र अख्तियारीः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री सुकुमाया थिङ्गले मिति २०७७।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ४३ करोड ७२ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१५।मा पारित भएको छ । यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७७।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.२ | | | अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू ३६ लाख २० हजार अबण्डा राखेको छ।उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७७।०३।१० को निर्णयबाट चालुतर्फ रू १ लाख र पुँजीगत तर्फ रू ३५ लाख २० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ। | |
| ८ | | | **क्षेत्रगत वजेटः**<br>क्षेत्रगत वजेटः गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ५५ करोड २३ लाख ४३ हजार र खर्च ४० करोड ४९ लाख २७ हजारको आधारमा समग्र रुपमा ७३.३१ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । | |

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४१०५५५० | ३१६१९६१७ | ७१.५९ |
| २ | सामाजिक विकास | २०३७१४४२० | १५१३५९२१५ | ७४.२९ |
| ३ | पूर्वाधार विकास | १८५०६६१४४ | १२६८२८२३९ | ६८.५३ |
| ४ | सुशासन विकास | ७३३०००० | ५२९४६०६ | ७२.२३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ११२१२६८०१ | ८९७२९९९१.६७ | ८०.०२ |
| जम्मा रू | | ५५२३४२९१५ | ४०४९२७२५६।५३ | ७३.३१ |

९

**बजेट तथा कार्यक्रम तर्जुमाः**

बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाउँसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाउँपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ ।

**श्रोत सुनिश्चतता** – आयोजनाको वहुवर्षिय ठेक्का सम्वन्धि मापदण्ड २०७६ को दफा ३ मा वहुवर्षिय ठेक्का व्यवस्थापन गर्नु अघि सम्वन्धित मन्त्रलयले राष्ट्रिय योजना आयोगको पूर्व स्वीकृति लिनुपर्ने र पूर्व स्वीकृति पश्चात् श्रोत व्यवस्थापनको सम्वन्धमा अर्थ मन्त्रालयको सहमति लिई प्रचलित कानून वमोजिम ठेक्का प्रकृया अगाडी वढाउनु पर्ने उल्लेख छ । यस नगरपालीकाको आयोजनाको वहुवर्षिय ठेक्का र श्रोत सुनिश्चितता सम्वन्धमा मापदण्ड तयार भएको ठेक्का फाईल परीक्षणको क्रममा देखिएन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा अर्थ मन्त्रालयको पूर्व स्वीकृती वेगर कुनै पनि कार्यालयले वहुवर्षिय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन नहुने उल्लेख छ । प्राप्त विवरण अनुसार यस पालिकाको चालु तर्फ १९ ठेक्काको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.१०५११९२५७।- र क्रमागत तर्फको २२ ठेक्काको रु.३४२०१०३४।- वर्षान्तमा भूक्तानी गर्न बाँकी दायित्व रहेको देखिन्छ । यसरी साल वसाली ठेक्कामा समेत भूक्तानी गर्न बाँकी देखिएकोले श्रोतको सुनिश्चितता गरी मात्र ठेक्का व्यवस्थापन गर्नु पर्ने देखिन्छ । | |
| १० | | | **सःशर्त अनुदानः**<br>सःशर्त अनुदानः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ।यस गाउँपालिकालाई संघीय सरकारबाट रू १९ करोड ६८ लाख ५५ हजार र प्रदेश सरकारबाट रू २ करोड २० लाख ६९ हजार गरी जम्मा रू २१ करोड ८९ लाख २४ हजार प्राप्त भएकोमा संघीय सरकारको रू १४ करोड ८१ लाख ७९ हजार खर्च भई बाँकी रू ४ करोड ८६ लाख ७६ हजार र प्रदेश सरकारको रू ९५ लाख ५६ हजार खर्च भई बाँकी रू १ करोड २५ लाख १३ हजार समेत बाँकी रू ६ करोड ११ लाख ८८ हजार वाँकी रहेकोमा संघिय सरकारको रू ३ करोड ७५ लाख १७ हजार र प्रदेश सरकारको रू ४६ लाख ४६ हजार गरी जम्मा रू ४ करोड २१ लाख ६२ हजार संचितकोष दाखिला गरेको देखिन्छ भने बाँकी रू १ करोड ९० लाख ६० हजार मध्ये संघिय सरकारको रू १ करोड ११ लाख १५ हजार र प्रदेश सरकारको रू ७८ लाख ६७ हजार आर्थिक वर्ष २०७८।८९ मा अल्या गरी खर्च गरेको देखिन्छ ।सो बाँकी रकम सम्बन्धित संघ र प्रदेशको संचित कोषमा फिर्ता गर्नु पर्ने रू | १९,०२६,००० |
| ११ | | | **योजना छनौट र संचालनः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल ३३९ योजना मध्ये रू ० देखि रू १ लाख सम्मको २६ वटा, रू १ लाख देखि रू २ लाख सम्मको ५२ वटा, रू २ लाख देखि रू ३ लाख सम्मको ४५ वटा, रू ३ देखि रू ४ लाख सम्मको ३१ वटा र रू ४ देखि रू ५ लाख सम्मको २४ वटा गरी जम्मा १७८ वटा योजना रु. ५ लाख भन्दा कम बजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन भएको देखियो ।यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गरी उत्पादनमुलक योजना तर्जुमा तथा कार्यान्वियन गर्नु पर्दछ । | |
| १२ | | | **शून्य प्रगति**<br>**सून्य प्रगतिः** नगरसभाद्धारा २०७७।७८ का लागि स्वीकृत कार्यक्रम मध्ये देहायका कार्यक्रम सञ्चालन भएको पाइएन । यसरी स्वीकृत कार्यक्रम कार्यान्वियन नहुंदा सडक मर्मत संभार, मठमन्दिर संरक्षण, राहत कार्यक्रम र सूचना बैंक सञ्चालन जस्ता कार्यक्रमबाट स्थानीय लाभग्राहीले पाउने सेवा सुविधा प्रभावित भएको छ । अतः कार्यक्रम छनौट गर्दा कार्यान्वियनयोग्य नभएका कार्यक्रम छनौट नगर्ने वा छनौट गरी स्वीकृत गरिएका कार्यक्रम कार्यान्वियन हुनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | कार्यक्रम संख्या | बजेट | खर्च (रु.हजारमा) |
| १ | स्वास्थ्य शाखा | ७ | २२८४ | शून्य |
| २ | शिक्षा शाखा | २६ | १०१८५ | शून्य |
| ३ | भौतिक पूर्वाधार | १६ | ९२५५ | शून्य |
| ४ | कृषि | १० | ४५२० | शून्य |
| ५ | पशु | ४ | १४५० | शून्य |

१३

**सम्पन्न मिति** –

**सम्पन्न मिति** – कार्यालयले निर्माण व्यवसायीसँग निर्माण कार्यको सम्झौता गर्दा कार्य सम्पन्न गर्ने मिति, सम्झौताको विशेष शर्तमा उल्लेख गरी सो को कार्यान्वयन गर्नु पर्ने हुन्छ । परीक्षण गरिएका ठेक्का फाइलमा निर्माण व्यवसायी सँग निर्माण कार्यको सम्झौता गर्दा सम्झौताको मुख्य पानामा कार्यादिश र विशेष शर्त मा फरक फरक सम्पन्न गर्नुपर्ने मिति राखेको पाईयो । यसबाट निर्माण कार्य समयमा सम्पन्न नहुने र पूर्वनिर्धारित क्षतिपूर्ति लगाउन समेत आधार नमिल्ने हुँदा यस्तो वोलपत्र कागजात तयार गर्ने, स्वीकृत गर्ने र सम्झौता गर्ने पदाधिकारी लाई जिम्मेवार वनाउनु पर्दछ ।

| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्पन्न गर्नुपर्ने अवधि | | विशेष भर्न GCC 1.1(V) अनुसार |
|---|---|---|---|---|
| | | कार्यादिश अनुसार | सम्झौताको मुख्य पाना अनुसार | |
| १०।२०७६।७७ | पंजिता/सम्वृद्धि नेपाल जे.भी | २०७७।९।३० | २०७७।९।३० | 3 Month From date of contract |
| २।२०७७।७८ | पंजिता/सम्वृद्धि नेपाल जे.भी | २०७८।३।२ | २०७८।३।२ | 3 Month from date of contract |
| ९।२०७६।७७ | वाराही कन्ट्रक्सन | २०७७।९।२४ | २०७७।९।२४ | 3 Month from date of contract |
| ११।२०७७।७८ | शीखर इन्जिनियरिङ्ग कन्ट्रक्सन | २०७८।२।३० | २०७८।२।३० | 6 Month from the date of contract |

१४

**भवन निर्माण** –

| | | | | |
|---|---|---|---|---|
| | | | **पालीका भवन निर्माण** – कैलाश न.पा-३ मा २.५ तलाको भवन निर्माण गर्न कवोल अंक ३१८५३९२५।– मा १८ महिना (२०७८।९।७) सम्ममा सम्पन्न गर्ने गरी २०७७।३।७ मा निर्माण व्यवसायी रविना अविसा जे.भी.सँग सम्झौता भएको छ । हाल सम्म यस भवनको पाँचौ रनिङ्ग विल सम्मको रु.२९२४६१११।– भूक्तानी भई ९१.८१ प्रतिशत वित्तीय प्रगती भएको छ । निर्माण व्यवसायीले २०७८।९।२ मा फाइनल विल भुक्तानीको लागि निवेदन पेश गरेकोमा हालसम्म फाइनल वील भुक्तानी भएको छैन । पालिकाको कार्य संचालन हाल यसै भवनबाट हुदै आएकोमा हाल सम्म भवनको नापी गरी अन्तिम विल भुक्तानी गर्ने वा भवनमा प्राविधिक त्रुटी भएमा सच्याउन निर्देशन दिने कार्य समेत भएको देखिएन । साथै उक्त ठेक्काको म्याद थप समेत भएको छैन । कार्यालय भवनको बाथरुममा रहेका फिटिङ्गसहरुको गुणस्तर कायम नभइ बिग्रदै गएको अवस्थामा देखिएको छ । अतः यस भवनको बाँकी कार्य पुरा गरी भवनको निर्माणको गुणस्तर सुनिश्चित गरी ठेक्का व्यवस्थापन गरिनु पर्दछ ।<br><br>**१० शैयाको प्राथमिक अस्पताल भवन निर्माण** – कैलाश गा.पा.-३ मा कार्यालय भवन परिसर नजिक ८१५.१३ वर्गमिटर प्लीन्थ एरिया रहने गरी २.५ तला १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण गर्न रु.६५८९९१७६।– कवोल अंकमा २ वर्षमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी आशिष, आशिर्वाद स्वामी नारायण जे.भी. संग २०७८।२।२४ मा सम्झौता भएको छ । सो भवन निर्माणको सार्वजनिक सूचना २०७७।९।२९ मा प्रकाशन गरेकोमा २०७८।१०।२८ मा २ वटा मूल्याकंन क्राइटरीया (अनुभव सम्वन्धी) संशोधन र एउटा विषय मूल्य समायोजन थप गरी भवन निर्माण लागत बढ्ने गरी मूल्य समायोजन थप गरेकोमा सार्वजनिक सूचना प्रकाशन गरी म्याद थप गरेको समेत देखिएन । मूल्याकंन क्राइटेरीयामा भएको परिवर्तनले र वोलपत्र मूल्याकंनका लागि परामर्शदाता एम.ए.पि. इन्जिनियरिङ एण्ड डिजायन कन्सल्ट प्रा.लि. लाई नियूक्ति गर्दा भवन निर्माण लागत बढ्न जाने देखिन्छ । लेखापरीक्षणको क्रममा परामर्शदातालाई भएको भुक्तानी रकम खुल्न आएन । यस वर्ष कुनै रनिङ विल भुक्तानी भएको छैन । | |
| १५ | | | **चेनेज नखुलाइ नापी**<br>१। ठे.नं.७।२०७७।७८ वाट सम्पन्न माने भन्ज्याङ्ग, दमर अल्छे कप्सेरी पकनी सडक को सम्झौता अनुसार निर्माण व्यवसायी शुसन/शुभ विहानी जे.भी.लाई भौ.नं.१८८।२०७७।२।३० र २८७।२०७८।२।६ वाट क्रमशः प्रथम र अन्तिम वील समेत रु.६४१५१२७।- (सम्झौता रु.६४४००९६।-) भूक्तानी भएको छ । उक्त विल साथ संलग्न नापी कितावमा ३१८८.१० घ.मी. Road way Excarvation भनी प्रति घ.मि. ५०।– ले मु.अ.कर सहित रु.१८०१२८।– भुक्तानी भएकोमा नापी कितावमा सो कार्य कुन स्थानमा भएको हो सो चेनेज नखुलेको हुंदा विना आधार खर्च लेखेको नियमित नदेखिएको ..... १८०१२८।–<br><br>२। ठेक्का नं.५।२०७६।७७ अन्तर्गत २०७८।५।२२ मा सम्पन्न भार्ना छ्याङडुङ्ग खोला खर्क सडक योजनाको २०७६।१२।५ को सम्झौता अनुसार निर्माण व्यवसायी तामागं कन्स्ट्रक्सन लाई भौ.नं.९१।२०७७।१०।११ मा प्रथम रनिङ्ग विलको रु.३९७४९७०।– भूक्तानी गर्दा वाटो खन्ने कार्य २५७००.७५ घ.मी.को रु.७०।– का दरले रु.१७९९०५२।– भूक्तानी भएकोमा नापी कितावमा चेनेज नखुलाई नापी गरेको छ । यसरी चेनेज उल्लेख नगरी आधार वेगर नापी गरी भूक्तानी गरेको रु.२०३२९३०।– नियमित नदेखिएको रु........................... २०३२९३०।– | २,२१३,०५८ |

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति –**<br>पूर्वनिर्धारित क्षतिपूर्ति – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौताको विशेष शर्त GCC 55.1 बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी ०.०५ प्रतिशत प्रति दिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण ठेक्कामा निर्माण कार्यको म्याद (थप म्याद समेत) सकिएको अवस्थामा समेत म्याद थप नभएको र निर्माण कार्य सम्झौता अनुसार सुचारु नभएकोले उक्त व्यवस्था अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लगाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु.......................................................................................................... ३३५५३४।– | ३३५,५३४ |

| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्पन्न गर्नुपर्ने अवधि म्याद थप समेत | सम्झौता रकम | पूर्वनिर्धारित क्षतिपूर्ति(आषाढ सम्मको) | दिन |
|---|---|---|---|---|---|
| १०। २०७६।७७ | पंजिता सम्वृद्धि नेपाल जे.भि.(अच्छे कप्सेरी छमाखर्क.... सडक) | २०७७।१२।३० | ६४०७४०१। ७९ | २८८३३३।- | ९० दिन |
| २।२०७७। ७८ | पंजिता समृद्धि नेपाल जे.भी.(प्रदेश स्तरीय सडक) | २०७८।३।२ | ३३७१५०५। ०३ | ४७२०१।- | २८ दिन |
| | जम्मा | | | ३३५५३४।- | |

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १९ वटा ऐन, ३१ वटा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।साथै गाउँपालिकाले ५० वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन्।तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। | |
| १८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीयतहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना र करार तर्फ ९७ पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १९ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर गाउँपालिकाले विभिन्न पदमा ९७ जना कर्मचारीहरू करारमा राखि रू ८७ लाख ६६ हजार खर्च लेखेको छ ।त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करारवाट सेवालिन सकिने व्यवस्था गरेको छ। | |
| २० | | | **तलबी प्रतिवेदनः**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार निजामती कर्मचारीको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय निकायका कर्मचारीको तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्नेमा तलबी प्रतिवेदन पारित गरेको छैन। तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा कर्मचारीको ग्रेड बापत भुक्तानी भएको रकम यकिन गर्ने अवस्था देखिएन । | |
| २१ | | | **सेवा प्रवाहः**<br>गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । | |

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | ९२५ |
| २ | घरबाटो सिफारिस | २६० |
| ३ | नाता प्रमाणित | ४२१ |
| ४ | जन्म दर्ता | ६५५ |
| ५ | मृत्यु दर्ता | ४४५ |
| ६ | अन्य | १०३१ |

२२

**राजस्व आन्तरिक नियन्त्रणः**

कार्यालयलले राजस्वका सवै श्रोतहरू उचित तरीकाले लेखाङ्कन नगरेका राजस्वका श्रोतहरू निम्न प्रकारका छन्।
:

१ व्यवसाय करःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ ।यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि कर संकलन गरेको छैन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

२ मनोरन्जन करः स्थानीय सरकार सञ्चालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन। तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन मा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

३ घर जग्गा बहाल करः गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्तिवा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहालकर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | ४ विज्ञापनकर-बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।<br>५ सवारी साधनः कार्यालयमा विभिन्न सवारी साधन र हेभी इक्वीप्मेन्ट मेशिन औजार रहेका छन् । गाँउपालिकाले इन्धन खर्चको मापदण्ड तोकेको भए पनि सवारी साधनगत मासिक इन्धन खपत भएको विवरण तयार गरेको देखिदैन। मर्मत सम्भारमा भएको खर्च अभिलेख राखेको पाइएन । अभिलेख नराखेको कारण मर्मतमा कति खर्च भयो यकिन गर्न सकिएन । त्यस्तै इन्धन खर्चको लगबुक समेत नराखेकोले इन्धन खर्च र लगबुकको भिडान गर्न नसकेकोले इन्धन खर्चमा एकिन हुन सकिएन। यसबाट पदाधिकारी सुविधा सवारी साधनगत र मर्मत खर्चको विश्लेषण हुने देखिएन । वार्षिक रूपमा सवारी साधनगत इन्धन र मर्मत खर्चको अभिलेख अद्यावधिक गरिनु पर्दछ । | |
| २३ | | | **विधार्थी अनुपातः**<br>शिक्षा नियमावली , २०५९ को नियम १२ (क) मा सामुदायिक विद्यालयहरु एक आपसमा गाभिन सक्ने व्यवस्था छ । सोही नियमावलीको नियम ७७ मा सामुदायिक विद्यालयले प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड, र हिमाली क्षेत्रमा पचास, पैतालिस र चालिस जना प्रति कक्षा विद्यार्थी नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । कैलास गाउँपालिका मातहतमा रहेका ४९ वटा सामुदायिक विद्यालका विद्यार्थी र शिक्षक को अनुपात निम्न अनुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार सम्भाव्यताको आधार भएसम्म एक आपसमा गाभी शिक्षाको गुणस्तरमा वृद्धि गराउनु पर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | जम्मा कूल विद्यार्थी | शिक्षकको दरवन्दी | शिक्षक र विद्यार्थीको अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री कालिका मा.वि. कैलास ९ | १२ | ८१० | २० | ४०.५ |
| २ | लक्ष्मी प्रा.वि. नामटार | ५ | ५० | २ | २५ |
| ३ | श्री रत्नज्योती प्रा.वि. कैलास १० | १० | ३८६ | १० | ३८.६ |
| ४ | श्री जीवनज्योती प्रा.वि. कैलास ९ | ५ | १४३ | ३ | ४७.६७ |
| ५ | श्री देवी प्रा.वि. कैलास १० | ५ | ११२ | ३ | ३७.३३ |
| ६ | श्री जलेश्वर प्रा.वि. कैलास ९ | ५ | ५३ | २ | २६.५ |
| ७ | श्री स्यार्सेकाली प्रा.वि. कैलास ९ | ३ | २३ | १ | २३ |
| ८ | श्री शान्ति श्रृजना प्रा.वि. कैलास १० | ५ | ७५ | ३ | २५ |
| ९ | श्री भवानी मा.वि. कैलास ३ | १० | ६०४ | ११ | ५४.९१ |
| १० | श्री प्रा.वि. लिक्चे कैलास ४ | ५ | ४५ | २ | २२.५ |
| ११ | श्री शारदा प्रा..वि कैलास ३ | ५ | ८३ | २ | ४१.५ |
| १२ | श्री प्रजा उत्थान प्रा.वि. कैलास ४ | ५ | १८५ | ३ | ६१.६७ |
| १३ | श्री तिलेश्वर प्रा.वि. कैलास ४ | ५ | ९३ | २ | ४६.५ |
| १४ | श्री देउतीस प्रा.वि.कैलास ४ | ५ | ९४ | २ | ४७ |
| १५ | श्री ऋषेश्वर प्रा.वि. कैलास ४ | ५ | ७८ | ३ | २६ |
| १६ | श्री नन्दीकेश्वर कैलास प्रा.वि. कैलास ३ | ५ | ११९ | ३ | ३९.६७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | श्री बालकल्याण प्रा.वि. कैलास ४ | ३ | २९ | १ | २९ | | |
| | | | | १८ | श्री शक्तिशाली आ.वि. कैलास ४ | ८ | १८७ | ३ | ६२.३३ | | |
| | | | | १९ | श्री सिद्धिगण प्रा.वि. कैलास ८ | ३ | २३ | १ | २३ | | |
| | | | | २० | श्री प्रजा विकास प्रा.वि. कैलास ७ | ५ | १२४ | २ | ६२ | | |
| | | | | २१ | श्री सत्यदेवी प्रा.वि. कैलास ७ | ५ | ५७ | २ | २८.५ | | |
| | | | | २२ | श्री धुवाङ्ग मा.वि. कैलास ८ | १० | २२८ | ८ | २८.५ | | |
| | | | | २३ | श्री प्रा..वि कोथलीटार कैलास ७ | ३ | ५३ | २ | २६.६ | | |
| | | | | २४ | श्री राष्ट्रिय प्रा..वि कैलास ८ | ३ | ४९ | १ | ४९ | | |
| | | | | २५ | श्री सुन्दरीकाली प्रा.वि. कैलास ८ | ५ | १४० | २ | ७० | | |
| | | | | २६ | श्री सरस्वती प्रा.वि. कैलास ७ | ३ | ९२ | २ | ४६ | | |
| | | | | २७ | श्री कालिका प्र.,वि. कैलास ७ | ३ | ८२ | १ | ८२ | | |
| | | | | २८ | श्री साङ्गेछ्योलिङ कैलास १ | ५ | ७१ | २ | ३५.५ | | |
| | | | | २९ | श्री पञ्चकन्या प्रा.वि. कैलास १ | ३ | ५९ | १ | ५९ | | |
| | | | | ३० | श्री सिद्धदेवी प्रा.वि .कैलास ६ | ५ | ८७ | २ | ४३.५ | | |
| | | | | ३१ | श्री फूलदेवी प्रा.वि. कैलास १ | ३ | ४४ | २ | २२ | | |
| | | | | ३२ | श्री व्यास मा.वि. कैलास ६ | १० | ३६२ | १० | ३६.२ | | |
| | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३३ | श्री कृष्ण आ..वि केलास ५ | ८ | २४२ | ६ | ४०.३३ | | |
| | | | | ३४ | श्री प्रा..वि कटहरे कैलास ५ | ५ | ८९ | ३ | २९.६७ | | |
| | | | | ३५ | श्रीआधारभुत विद्यालय कैलास १ | ८ | १३९ | ५ | २३.६७ | | |
| | | | | ३६ | श्री प्रा.वि. कैलास २ | ५ | ७२ | २ | ३६ | | |
| | | | | ३७ | श्री सरस्वती प्रा..वि कैलास २ | ८ | २५१ | ५ | ५०.२ | | |
| | | | | ३८ | श्री कमलादेवी मा.वि कैलास २ | १० | ३१९ | ९ | ३५.४४ | | |
| | | | | ३९ | श्री गुप्तेश्वरी प्रा.वि. कैलास १ | ५ | ४३ | १ | ४३ | | |
| | | | | ४० | श्री आधारभुत विद्यालय कैलास २ | ३ | ६८ | २ | ३४ | | |
| | | | | ४१ | बागबत्सला प्रा.वि कैलास ६ | ५ | ८० | ३ | २६.६७ | | |
| | | | | ४२ | श्री शुन्दरी देवी प्रा.वि.. कैलास ५ | ५ | ३९ | ३ | १३ | | |
| | | | | ४३ | श्री माहाँकाल प्रा.वि. कैलास ५ | ५ | ४७ | २ | २३.५ | | |
| | | | | ४४ | श्री तलेश्वर महादेव प्रा.वि. कैलास ५ | ५ | ६७ | २ | ३३.५ | | |
| | | | | ४५.. | श्री प्रकृती प्रा.वि. कैलास ५ | ३ | ४७ | १ | ४७ | | |
| | | | | ४६ | श्री सिलाकन्या प्रावि कैलास ६ | ३ | ३९ | १ | ३९ | | |
| | | | | ४७ | श्री भुमेश्वरी प्रा.वि. कैलास २ | ३ | ५२ | १ | ५२ | | |
| | | | | ४८.. | श्री चक्रकाली प्रा.वि. कैलास १ | ३ | ४८ | १ | ४८ | | |
| | | | | ४९ | श्री सातकन्या प्रा.वि. कैलास ५ | ३ | ३३ | १ | ३३ | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **औषधी खरिदः**<br>गाउँपालिकाले आधारभुत तथा आकस्मिक सेवाको लागि संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम चालु शिर्षकवाट औषधि खरिद गर्न ४१ वटा आइटमको रु. ८०००००। लागत अनुमान वनाई सिलवन्दी दरभाउ पत्रको आधारमा हेल्पिङ मल्टिपर्पोज प्रा.लि. का.म.पा. २९ मैतिदेवी काठमाण्डौ सँग रु. ७३८५३०। को खरिद गरेको देखियो। भ्याट वापत ४६८० भुक्तानी गरेको देखियो। खरिद गरिएका प्रत्येक औषधिमा १५ महिना भन्दा वढी औषधिको प्रयोग गर्न मिल्ने म्याद रहेको देखिन्छ। | |
| २५ | | | **सेनेटरी प्याड वितरणः**<br>सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थि १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सो को भरपाई तयार गरी अर्को महिनाको ७ गते सूचना पार्टिमा विवरण टाँस्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। गाउँपालीकाले यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. १३२।२०७८।११।२६ मा हेल्पिङ मल्टिपर्पोज प्रा. लि. मार्फत विल नं. २२४ मिति २०७७।११।२३ मा रु.१०४२२८८। को सेनेटरी प्याड खरिद गरेको देखिन्छ। उक्त सेनेटरीस्यानटरी प्याड सम्पुर्ण विद्यालयमा अध्यानरत कक्षा ६ माथिका छात्रा विधार्थीहरुको विवरण यकिक गरी तोकिएको मापदण्डका आधारमा विधार्थीहरुलाई वितरण गरी भरपाई पेश गर्नुपर्नेमा गाउँपालिकाले खरिद गरि विद्यालयलाई वितरण नै नगरेको पाईयो। अतः यसको प्रभावाकरी वितरण गरी विद्यार्थीको स्वास्थ्य तथा शैक्षिक कृयाकलापमा सकारात्मक प्रभाव तथा शिक्षाको गुणस्तरमा टेवा पुर्‍याउनु सहयोग गर्नुपर्ने देखिन्छ। | |
| २६ | | | **जिन्सी निरीक्षणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक वर्ष कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान तथा वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्चको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको श्रेस्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। यस कार्यालयले गत बर्षको मौज्दात चालु बर्षमा अल्या गर्दा मौज्दात भिडान नभएको तथा वास्तविक मूल्य समेत भिडान नभएको साथै जिन्सी सामानहरु मर्मत गर्नुपर्ने तथा लिलाम बिक्री गर्नु पर्ने अवस्था यकिन गरेको देखिदैन। अतः कार्यालयले जिन्सी सामानहरुको अध्यावधिक विवरण स्पष्ट रुपमा खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ। | |
| २७ | | | **विधालयको लेखापरीक्षणः**<br>गाउँपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। यस गाउँपालिकाले विद्यालयको लेखापरीक्षण खर्च वापत आ.व. २०७७।७८ का लागि ४९ वटा विद्यालयहरुलाई रु. ५२००००। निकासा दिएको देखियो । गाउँपालिकाको आ.व. २०७७।७८ वार्षिक लेखारीक्षणको क्रममा | |

| | | | | |
|---|---|---|---|---|
| | | | समेत विधालयहरुले लेखापरीक्षण गरी पालिकामा प्रतिवेदन पेश गरेको देखिदैन। अतः समयमै लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ । | |
| २८ | | | **पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार वागमति प्रदेश को प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को पहिलो संसोधनको अनुसूची १ (क) वमोजिम उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउपालीकाले ५२ पदाधिकारीहरुलाई रु. ६८५९०००।-सुबिधा बापत भुक्तानी गरेको छ । | |

| सि नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष १० जना | कार्यपालिका सदस्य ५ जना | वडा सदस्य ३५ जना | रा.सल्लाहकार | जम्मा ६४ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | - | ६००० | १३००० | ७००० | ७००० | - | ३३०००- |
| २ | टेलिफोन भत्ता | ३६००० | ३६००० | ४०००० | ९०००० | ४२०००० | - | ६२२००० |
| ३ | मासिक खाजा | ६०००० | ६०००० | ३६०००० | ९०००० | ६३०००० | - | १२००००० |
| ४ | पुस्तक, पत्रिका, इन्टरनेट | २४००० | २४००० | १२०००० | ६०००० | ४२०००० | - | ६४८००० |
| ५ | अनुगमन भ्रमण | - | - | - | - | - | - | - |
| ६ | समन्वय खर्च | १२०००० | १२०००० | ८४०००० | १२०००० | - | - | १२००००० |
| ७ | खानेपानी विजुली महसूल | ३०००० | ३०००० | १२०००० | ३०००० | २१०००० | - | ४२०००० |
| ८ | सरसफाई तथा मर्मत | ३०००० | ३०००० | १२०००० | ६०००० | - | - | २४०००० |
| ९ | अतिथि सत्कार | १०८००० | ७२००० | ४८०००० | १२०००० | ६३०००० | - | १४१०००० |
| १० | यातायात खर्च | - | - | ९६००० | १५०००० | ८४०००० | - | १०८६००० |
| ११ | चाडवाड खर्च | - | - | - | - | - | - | - |
| | जम्मा | ४०८००० | ४३२०० | २१८९००० | ७२७००० | ३१५७००० | - | ६८५९००० |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **शिक्षक पारिश्रमिकः** | ११२,३५१ |

शिक्षा नियमावली २०५९ को नियम १७९ बमोजिम कुनै कामका लागि आवश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम सम्वन्धित पदाधिकारीवाट असूल गरिने व्यवस्था छ। यस गाउँपालिका अन्तर्गतका विधालयहरुमा कार्यरत शिक्षकहरु विभिन्न मितिमा सरुवा भई गए पस्चात तथा अवकास भएपछि पनि पारिश्रमिक वापत रकम विधालयको खातामा निकासा गएको देखियो। उक्त वढी पारिश्रमिक वापत भुक्तानी भएको पारिश्रमिक वापतको रकम असूल गरी दाखिला गर्ने रु.

| सि.नं. | शिक्षकको नाम | विद्यालयको नाम | मिति | सरवा अवकास तथा हाजिर मिति | तलव स्केल | महिना | पाउने पारिश्रमिक | पाएको | वढी | किस्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शशिकला कार्की | कालिका उ.मा.वि. | २०७७। ९।१ | आएको | २६६१० | २ | ५७२२० | ८५८३० | २८६१० | मैसिर-माघ | दोश्रो त्रैमासिक |
| २ | विनोद राय | शारदा प्रा.वि. | २०७७। १०।९ | सरूवा गएको | २६६१० र ग्रेड ८८७ | २ महिना ८ दिन | ७३९९८ | ९७९४० | २३९४१ | मैसिर-माघ | दोश्रो त्रैमासिक |
| ४ | कर्ण व. पाख्रिन | कमलादेवी मा.वि. | २०७८। १।३ | सरुवा भई गएको | २६६१० र ग्रेड ८८७ | ३ दिन | ९२४९१ | १०७९४०।१० पोशाक भत्ता सहित | १५४५० | वैसाख-असार | चौथो त्रैमासिक |
| ५ | हिरालाल जिम्वा | व्यास मा.वि. | २०७८। ९।२० | सरुवा भएको | २६६१० | १ महिना २० | ४४३५० | २०७७ कार्तिक ३० सम्म मात्र पारिश्रमिक लिएको भन्न रमाना वनाएको | ४४३५० | मंसिर-माघ | दोश्रो किस्ता |
| | | | | | | | | जम्मा | ११२३५१। | | |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**कोभिड १९ तर्फः**

स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु २९ लाख र संघिय सरकारबाट रु. 10 लाख समेत जम्मा रू ३९ लाख ३२ हजारमा रु. २७ लाख ५३ हजार खर्च भई रू ११ लाख ८० हजार बाँकी रहेको देखिन्छ ।

<table>
<tr><td>आय शिर्षक</td><td>रकम रू</td><td>व्याय शिर्षक</td><td>रकम रू</td></tr>
<tr><td>संघिय संचित कोष</td><td>१००००००</td><td>औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरीद</td><td>१६७०२८५</td></tr>
<tr><td>नगरपालिकाकोष</td><td>२९०००००</td><td>जनशक्ति परिचालन</td><td>६९९१८०</td></tr>
<tr><td></td><td></td><td>अन्य शिर्षकमा भएको खर्च</td><td>११८९६३१</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>११७९८३४</td></tr>
<tr><td>जम्मा रू</td><td>३९३२३९०</td><td>जम्मा रू</td><td>३९३२३९०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा सार्वजनिक उत्तरदायित्व नियमावली, २०७७ अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा मलेपफानं २०७ अनुसार देहाय अनुसार म्याद नाघेको पेश्की रु. २००००० लेखापरीक्षणको समयमा फछ्यौट भएको छ ।

</td><td>२९५,०००</td></tr>
</table>

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | चालु आ. व. | गत आ. व.सम्मको | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद ननाघेको | म्याद ननाघेको | जम्मा |
| | | | | | रकम | रकम | | |
| २ | ३ | ४ | ५ | ८ | ९ | १२ | | |
| ०१/२२/२०७८ | ३८९ | कोरोना भाइरस संक्रमण उपचार कोष | श्याम सुन्दर महतो | २७११२ | १,००,००० | ० | १,००,००० | १,००,००० |
| | | | | | १,००,००० | ० | १,००,००० | १,००,००० |
| ०१/१६/२०७८ | ७ | डाँडाबास गोल्धुङ्गा पोखरी सडक कैलाश ५ | सन्ध्या । रिजन जे.भी. | ३११५१ | ४,४०,००० | ० | ४,४०,००० | ४,४०,००० |
| ०१/२८/२०७८ | २५० | मझुवा सानुलेख गल्छी सडक | सन्ध्या । रिजन जे.भी. | ३११५१ | ८,११,००० | ० | ८,११,००० | ८,११,००० |
| | | | | | 1251000 | ० | ३८,९०,२०० | ३८,९०,२०० |
| ०६/०१/२०७७ | १ | सवारी साधन | कटुन्जे स्वास्थ्य चौकी | ३११२१ | 600000 | ६,००,००० | ६,००,००० | ६,००,००० |
| | | | | | 600000 | ६,००,००० | ६,००,००० | ६,००,००० |
| १०/०९/२०७७ | ८७ | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | प्रदिप नाथ शर्मा | ३११३२ | १,०६,००० | ० | १,०६,००० | १,०६,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०/०९/२०७७ | २०५ | जलवायु परिवर्तन अनुकुलन तालिम र वातावरण प्रदुषण नियन्त्रण तालिम | दिनेश हुमागाई | २२५२२ | १,०६,००० | ० | १,०६,००० | १,०६,००० |
| १०/०९/२०७७ | २०६ | सामुदायिक वनका पदाधिकारीहरुलाई वन सरक्षण सम्बन्धी तालिम कार्यक्रम | प्रदिप नाथ शर्मा | २२५१२ | ८३,००० | ० | ८३,००० | ८३,००० |
| ११/२०/२०७७ | १४८ | कैलाश सहिद स्मृति फाउण्डेसन योजना | शान्तिदेवी - कालीनाग जे. भी. | ३१११२ | ८,९०,००० | ० | ८,९०,००० | ८,९०,००० |
| १२/२२/२०७७ | १७० | एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेटेड प्रा.लि. | ३११२१ | १०,५०,८४५ | ० | १०,५०,८४५ | १०,५०,८४५ |

१ यस गाउँपालिकामा निम्न कार्यक्रमको लागि मिति २०७७।१०।९ मा प्रदिप नाथ शर्माले रू १८९००० पेश्कि लिएको देखिन्छ । सो प्रदिप नाथ शर्मा भन्ने व्यक्ति डिभिजन वन कार्यालय राप्ती मकवानपुरको सहायक वन अधिकृत पदमा कार्यरत रहेको भन्ने डिभिजन वन कार्यालय राप्तीको लेखापरीक्षणमा अवगत भएकोले आफ्नो पदलाई खुलासा नगरी गाउँपालिका निम्न काममा पेश्कि लिई काम गरेको देखिन्छ ।पेश्की लिएको रकम लेखापरीक्षण गर्ने समय सम्म पनि फस्र्योट भएको देखिदैन । प्रदेश सेवामा कार्यरत रहेको व्यक्तीले विभागीय स्वीकृत नलिई कामकारवाही गर्न गराउन हुदैन । सो सम्वन्धमा छानविन गरी पूर्णकालिन समय कार्यरत रहेको कर्मचारीले स्वीकृती वेगर सोही समयमा व्यक्तिगत तवरले परामर्शसेवा दिई पेश्कि लिएको रकम सम्वन्धित व्यक्तिबाट असूल हुनु पर्ने रू १८९०००

| पेश्कि लिएको मिति | कार्यक्रम | पेश्कि लिने व्यक्ति | पेश्कि रकम रू |
|---|---|---|---|
| २०७७।१०।९ | अनुसन्धान तथा विकास सम्वन्धी | श्री प्रदिप नाथ शर्मा | १०६००० |
| | सामूदायिक वनका पदाधिकारीहरूलाई वन संरक्षण सम्वन्धी तालिम | | ८३००० |
| | जम्मा रू | | १८९००० |

२ यस गाउँपालिकामा जलवायू परिवर्तन अनुकुल तालिम र वातावरण प्रदुषण नियन्त्रण तालिमको लागि मिति २०७७।१०।९ मा लागि श्री दिनेश हुमागाँईले रू १०६००० पेश्कि लिएको देखिन्छ । सो श्री दिनेश हुमागाँई भन्ने व्यक्ति डिभिजन वन कार्यालय राप्ती मकवानपुरको सहायक वन अधिकृत पदमा कार्यरत रहेको भन्ने डिभिजन वन कार्यालय राप्तीको लेखापरीक्षणमा अवगत भएकोले आफ्नो पदलाई खुलासा नगरी गाउँपालिकाको जलवायू परिवर्तन अनुकुल तालिम र वातावरण प्रदुषण नियन्त्रण तालिमको पेश्कि लिई काम गरेको देखिन्छ ।पेश्की लिएको रकम लेखापरीक्षण गर्ने समय सम्म पनि फर्स्यौट भएको देखिदैन । प्रदेश सेवामा कार्यरत रहेको व्यक्तीले विभागीय स्वीकृत नलिई कामकारवाही गर्न गराउन हुदैन । सो सम्वन्धमा छानविन गरी पूर्णकालिन समय कार्यरत रहेको कर्मचारीले स्वीकृती वेगर सोही समयमा व्यक्तिगत तवरले परामर्शसेवा दिई पेश्कि लिएको रकम सम्वन्धित व्यक्तिबाट असूल हुनु पर्ने रू १०६०००

३२

**आन्तरीक आयः**

स्थानीय तहरूको विभाज्य कोषः प्रदेशहरुको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जनकर लगायतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चितकोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । यस स्थानीयतहले बाँडफाँड गर्नु पर्ने बिभाज्यकोषको हिसाव राखेको छैन।जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जनकर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन। साथै संघ तथा प्रदेश सरकारबाट यस कोषमा प्राप्त हुने रकम समेत यस वर्ष प्राप्त गरेको अभिलेख देखिएन । अत यस कोषको अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाँडफाँड गर्नु पर्दछ।

आन्तरिक आयः स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यवस्था रहेको छ । जस अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रू ६० लाख प्रस्ताव गरेकोमा ४९ लाख ७२ हजार मात्र आम्दानी गरेको देखिन्छ ।

२,९८८,६७९



https://nams.oag.gov.np

| उपशीर्षक | प्रस्तावित आय | प्राप्त रकम रु. (हजारमा) |
|---|---|---|
| आन्तरीक श्रोत | १०००००० | १४६८०९० |
| एकीकृत सम्पती कर | १३०००००० | १३६३४३५.१९ |
| घर बहाल कर | १५०००० | १४३३२८ |
| व्यवसाय कर | ३५०००० | ० |
| भूमिकर। मालपोत | ११०००००० | ५६२२१८ |
| अन्य कर | ३००००० | ० |
| अन्य आय | १००००० | ० |
| बहाल विरौटी कर | ५००००० | ० |
| अन्य श्रोतबाट प्राप्त कर | २००००० | १५७५०० |
| अन्य दस्तुर | १०००००० | १२७७३१८ |
| जम्मा आन्तरिक राजस्व | ६०००००० | ४९७१८८९।१९ |

प्रस्तावित आय शिर्षकमा ३ शिर्षकमा बढी ३ शिर्षकमा घटी र ४ शिर्षकमा शुन्य आम्दानी भएको देखिन्छ । आगामी वर्ष यस्ता किसिमका राजस्वको अनुमान गर्दा आन्तरीक आय तर्फ विश्लेषण गरी आन्तरीक आय दिगो बृद्धि हुने गरी प्रस्ताव पेश गर्नु पर्ने देखिन्छ ।

असूल गर्न बाँकी आन्तरीक आयः स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुल गर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष विभिन्न नाकामा अमानतबाट ढुंगा गिट्टि वालुवाको कर उठाउन निम्न कर्मचारी खट्टाई निम्नानुसारको क्रसरलाई रसिद काटी उठाउने गरेकोमा कुन कर्मचारीले कति रकम उठाएको र दाखिला गरेको भन्ने कार्यालयमा अभिलेख राखेको नै छैन । कार्यालयबाट प्राप्त विवरण अनुसार क्रसर बाट उठ्न बाँकी रू २९८८६७९ देखिएकोले सो रकम अविलम्व उठाउनु पर्दछ । यस सम्वन्धमा राजस्व परामर्श

समितिको निर्णय गरी राजस्व रकम बिभिन्न क्रसर सँग रू २९८८६७९ हाल सम्म दाखिला नगरेको भनि आन्तरीक राजस्व कार्यालय हेटौडा मकवानपुरलाई मिति २०७८।९।१ मा विवरण पठाएको देखिन्छ भने सम्वन्धित क्रसरहरूलाई बाँकी राजस्व रकम दाखिला गर्न भनि पत्रचार समेत गरेकोमा हाल सम्म उठन वाँकी देखिएको रू २९८८६७९ दाखिला गर्नु पर्ने रू

| कर्मचारीको नाम | मिति | लगिएको रसिद | प्रयोग भएको नभएको |
|---|---|---|---|
| श्री हर्क वहादुर जिरेल | ०७७/१२/२० | ०५१ देखी १५० | भएको |
| श्री सुप्रभा शर्मा | ०७७/१२/२० | १५१ देखी ३५० | भएको |
| श्री सुप्रभा शर्मा | ०७७/१२/२२ | ३५० देखी ६०० | भएको |
| श्री सन्तोष कुमार थिङ्ग | ०७७/१२/२५ | ६५१ देखि ८५० | ८०१ देखि ८५० सम्म प्रयोग नभएको |
| श्री सन्तोष कुमार थिङ्ग | ०७७/१२/२६ | ८५१ देखि १२०० | भएको |
| श्री सन्तोष कुमार थिङ्ग | ०७७/१२/२७ | १२०१ देखि १४०० | भएको |
| श्री सन्तोष कुमार थिङ्ग | ०७७/१२/२८ | १४०१ देखि १५०० | भएको |
| श्री हर्क वहादुर जिरेल | ०७७/१२/२९ | १५०१ देखि १७०० | १६०१ देखि १७०० सम्म प्रयोग नभएको |
| श्री धन वहादुर थापा | ०७७/१२/३१ | १७०१ देखि १७५० | भएको |

रकम उठ्न वाँकी क्रसरको विवरण


https://nams.oag.gov.np

| फर्मको नाम | उठ्न बाँकी रकम |
| --- | --- |
| लाक्षण | १३६९२२४ |
| भोलन | १३१९७४ |
| शुभक्रसर | २०२०२३ |
| जनसेवा | ४७१८८८ |
| जय मनहरी | २४००१२ |
| दुर्गा लक्ष्मी | ३२८७३ |
| दाङसीङ | १३८३१२ |
| चत्तुर्मुखी | २९६६०५ |
| विरेन्द्र थापा | १२२०४ |
| आफ्नै बालुव | ९३५६४ |
| जम्मा | २९८८६७९ |

| | | | | |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **नापी बेगरभुक्तानी**<br>१। ठेक्का नं.६।२०७७।७८ अन्तर्गत २०७८।३।२ मा सम्पन्न घुमाउने वुकुटी लिक्चे लावती सडक योजनाको २०७७।९।२ को सम्झौता अनुसार निर्माण व्यवसायी शुसन शुभ विहानी जे.भी.लाई भौ.नं.२४३।२०७८।२।७ र ४२१।२०७८।३।३० मा रु.५७६८४४५।– (सम्झौता रु.५८११४६०।-) भूक्तानी भएको छ । उक्त भुक्तानी भौचर, नापी कितावमा मुख्य Road way Excaraton को मात्र ३+१८० देखि ५+२०० कि.मी. सम्मको नापी भएको तर ३६३६.१३ घ.मी. नापी नगरी रु.२०।– का दरले मु.अ.कर सहित रु.८२१७६। भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु. ..............................................८२१७६।– | २,६३३,१७६ |

 https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | २। ठेक्का नं. १।२०७७।७८ अन्तर्गत स्थानीय पूर्वाधार विकास -साझेदारी कार्यक्रम प्याकेजको सडक संरचना निर्माणका लागि ६ महिना सम्ममा कार्य सम्पन्न गर्ने गरी कवोल अंक ३०२०१०८।१९ मा २०७७।१२।११ मा निर्माण व्यवसायी शीखर इन्जिनियरिङ्ग कन्स्ट्रक्सन सँग सम्झौता भएको छ । उक्त ठेक्काको म्याद २०७८।२।२८ मा प्रमुख कार्यकारी अधिकृतबाट २०७८।३।२१ सम्म थप भएको छ । तर निर्माण व्यवसायीलाई सम्झौता अनुसार १४६३७ घनमीटर माटो काट्ने काम मध्ये ३५६५.७५ घन मीटर र ग्राभेल गर्ने कार्य ४०१ घ.मी. मा ४०९.५० घ.मी. कार्य गरी भौ.नं.४।२०७८।३।३० मा रु.७२७७५३।९० ( २४.०९ प्रतिशत) भुक्तानी भएको छ । तत्पश्चात बाँकी काम नगरी निर्माण व्यवसायीले काम अलपत्र पारेको अवस्थामा कार्यालयबाट कुनै कारवाही भएको देखिएन ।लागत अनुमान भन्दा ३८ प्रतिशत घटीमा काम गर्ने गरी गरेको कवोल अंकमा काम पुरा नगरेकोले निजको ठेक्का सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) र (८) बमोजिम अन्त्य गरी निजको जमानत रु.७६६०००।– जफत गरी बाँकी काम गराउन लाग्ने रकम सरकारी बाँकी सरह असूल गर्नुपर्ने ..........७६६०००।<br><br>३। ठे.नं. १०।२०७७।७८ अन्तर्गत प्रदेश पूर्वाधार विकाश साझेदारी कार्यक्रमको लागि २०७८।३।२० सम्ममा सम्पन्न गर्ने गरी कवोल अंक रु.५२४०३१०।४७ मा २०७८।२।१४ मा फलकुन कन्सट्रक्शन संग ्सम्झौता भएकोमा सम्झौता मध्ये गठी खोला मोटर वाटो स्लाब ढलान कार्यको रु. ८४१२९७।१४ को काम नै नगरी भौ.नं. २२।२०७८।३।२९ मा प्रथम तथा अन्तिम विल भनी रु.४३९९०१३।३४ भुक्तानी भएको छ । प्रतिस्पर्धामा ४८.२४ प्रतिशत घटेर सम्झौता भएको यस ठेक्काको बाँकी काम नगरेको अवस्थामा निज निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको छ । यसबाट सो बाँकी निर्माण कार्य गराउँदा लाग्ने रकम समेत सरकारी असूली बाँकी सरह गणना गरी निजको कार्य सम्पादन जमानत रु.१७८५०००।– जफत गरी वाँकी कार्य सम्पन्न गर्नु पर्ने देखिएको रु..........................................१७८५०००।– | |
| ३४ | | | **एज बिल्ट ड्रइगं/एजबिल्ट नक्शा**<br>**कार्य स्वीकार प्रतिवेदन-**<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ (२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँच वुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष निर्माण कार्य सम्पन्न भएकोमा त्रुटी सच्याउने अवधि अगावै कार्य स्वीकार प्रतिवेदन तयार नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । यस्तो कार्य सम्पन्न प्रतिवेदनको लागत अनुमानको परिमाण र रकममा BOQ को परिमाण र रकम समावेस गरेकोले सम्पन्न निर्माण कार्यको भूक्तानी परिमाण र रकम लागत अनुमान संग तुलनायोग्य रहेन । यस्तै कार्य सम्पन्न प्रतिवेदन पश्चात् निर्माण व्यवसायीको दायित्व सकिने हुदा उक्त व्यवस्था अनुसार निर्माण सम्पन्न पश्चात कार्य स्वीकार प्रतिवेदन जारी गरी त्रुटी सच्याउने अवधि पश्चात मात्र निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी कार्य सम्पन्न प्रतिवेदन जारी गरिनु पर्दछ। | |

<table>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>कार्यालयले जारी गर्ने कार्य स्वीकार प्रतिवेदनमा कार्य सम्पन्न मितिको आधारमा निर्माण व्यवसायीको त्रुटी सच्याउने अवधि शुरु हुनेमा कार्यालयले कार्य स्वीकार प्रतिवेदन जारी नगरी कार्य सम्पन्न प्रतिवेदन जारी गर्दा कार्य सम्पन्न भएको मिति उल्लेख गरेको छैन । कार्य सम्पन्न प्रमाणपत्र लगायत ठेक्का विजक, नापी किताव समेतमा मिति उल्लेख नगरेकोले निर्माण व्यवसायीको भूक्तानी माग दावी गरेको पत्रको मितिलाई कार्य सम्पन्न मिति मानी त्रुटी सच्याउने अवधि गणना गरेको छ । जसबाट निर्माण व्यवसायीले विलम्व गरी कार्य सम्पन्न गर्दा समेत सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति नलाग्ने अवस्था रहेको देखियो ।</li>
<li>एज बिल्ट ड्रइङ- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोको लागि निर्माण व्यवसायी संगको सम्झौताको विल अफ क्वाण्टिटीमा व्यवस्था नगरेको कारण यस वर्ष सम्पन्न भएका १९ निर्माण कार्यको कुनै पनि निर्माण व्यवसायीले एजविल्ट नक्सा पेश गरेको छैन ।यस्तै यस वर्षका चालु ठेक्कामा समेत तदनुसारको एज विल्ट ड्रइङ्गको व्यवस्था गरेको छैन । यसबाट त्रुटी सच्याउने अवधि पश्चातको निर्माण संरचनाको मर्मत तथा व्यवस्थापनमा समस्या आइपर्ने हुदा सम्पन्न भएका निर्माण कार्यको उक्त व्यवस्था अनुसार एजविल्ट नक्सा लिनुपर्ने देखिन्छ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td>२०७९-१-५</td><td>
स्लाइसिगं<br>
स्लाइसिङ्ग – पालिकाले गत वर्ष २०७६।७७ मा निम्न २ निर्माण कार्य एउटै स्थानमा (कार्यालय परिसरमा) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ वमोजिम वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा रु २३१४५०३।-का २ वटा लागत अनुमान वनाई २ वटा सिल्ड कोटेशनबाट ट्रष्ट भवन निर्माण कार्य गरेको देखियो । मूल भवन निर्माण सहजीकरणका लागि निर्मित यी २ घर उक्त नियम विपरीत प्रक्रियाबाट निर्माण गरेको नियम सम्मत नदेखिएको रु...........
<table>
<tr><th>शिल्ड कोटेशन नम्वर</th><th>कार्य विवरण</th><th>लागत रकम</th><th>सम्झौता रकम</th><th>सम्झौता मिति</th><th>भूक्तानी रकम</th></tr>
<tr><td>२१।२०७६।७७</td><td>स्टील ट्रस भवन (कार्यालय)</td><td>१७२४५९७।</td><td>१३८५३६०।-</td><td>२०७७।१।६</td><td>१३१५८०१।-</td></tr>
<tr><td>२२।२०७६।७७</td><td>स्टील ट्रस स्टाफ क्वाटर भवन</td><td>१४५८४५८।-</td><td>९९८७०२।-</td><td>२०७७।१।६</td><td>९९८७०२।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१८३०५५।-</td><td>२३८४०६२।-</td><td></td><td>२३१४५०३।-</td></tr>
</table>
</td><td>२,३१४,५०३</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
बीमा र अन्य<br>
बीमा
</td><td></td></tr>
</table>

**१। वीमा अवधि** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध वीमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्यको तदनुसार अवधि समेटीने गरी वीमा गरेको छैन । उक्त व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ ।

| ठेक्का नं. | निर्माण कार्य | सम्झौता रकम | सम्पन्न हुने मिति | कायम वीमा मिति |
|---|---|---|---|---|
| ७।२०७७।७८ | दमर अल्छे कप्सेरी पकनी सडक | ६४४००९६।६५ | २०७८।३।२० | २०७८।१०।२० |
| २।२०७६।७७ | गोगने कालिकाटार सडक | ६२९१२८४।- | २०७७।९।३० | २०७८।२।३१ |
| ९।२०७६।७७ | गोगने कालिकाटार सडक | ४७०८८२९। | २०७७।९।२४ | २०७८।६।२० |

२**। वीमा**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु. दश लाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण कार्यको कुनैमा १५ प्रतिशत रकम थप नगरी र कुनैमा वीमा नै नगरेको देखिन्छ । यसरी उक्त नियमावलीको व्यवस्था अनुसारको रकम समेटीने गरी वीमा गर्नुपर्ने देखिन्छ ।

| ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | गरेको वीमाकँ रकम | घटी वीमाकं रकम |
|---|---|---|---|---|---|
| १।२०७७।७८ | कार्यालय भवन निर्माण | रविना/अविषा जे.भी. | ३१८५३९२५।- | ३१८६४३२५। | ४६६७६८८।- |
| २।२०७७।७८ | प्याकेज प्रदेश स्तरिय ग्रामिण सडक | पंजिता/ समृद्धि जे.भी. | ३३७१५०५।- | ३३७८२३०।- | ६७२८४।- |
| २।२०७६।७७ | गोगने कालिकाटार सडक | द्रुदराज निर्माण सेवा प्रा.लि. | ६२९१२८४।- | ६२९१२८४।- | ९४३६९२।- |
| १०।२०७७।७८ | प्रवेश पूर्वाधार विकास | फलकन कन्ट्रक्सन | ५२४०३१०।- | ५२४०३१०।- | ७८६०४६।- |
| ९।२०७६।७७ | गोगने कालिकाटार सडक | वाराही कन्ट्रक्सन | ४७०८८२९।- | ४७०८८२९।- | ७०६३२४।- |

.३। **वीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (क) मा रु.१० लाख भन्दा वढीको निर्माण कार्यको जोखिम विरुद्ध वीमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितिमा

वाहेक अन्य जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्षका निम्न निर्माण कार्यको वीमा गरेको छैन । निर्माण कार्यको कुनै पनि जोखिम विरुद्ध वीमा गरिनु पर्दछ ।

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|---|
| ९।२०७७।७८ | १० शैयाको प्राथमिक उपचार केन्द्र भवन | आशिष आशिर्वाद स्वामी नारायण जे.भी. | ६५८९९१७७।- |
| १०।२०७६।७७ | अल्छे कप्सेरी ६ माखर्क खोला सुंगुरे, सालपाते भुजुङ्ग सडक | पंजिता / सम्वृद्धि नेपाल जे.भी. | ६४०७४०१।- |
| ११।२०७७।७८ | स्थानीय पूर्वाधार विकास साझेदारी | शीखर इन्जिनियरीङ्ग | ३०२०१०८।- |

**कार्यसम्पादन जमानत**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले ३६५ दिन त्रुटी सच्याउने दायित्वको अवधि रहेको निम्न निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि तद्अनुसार समेटीने गरी नभएकोले नियमावलीकोउक्त व्यवस्था अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि कायम गर्नु पर्दछ ।

| ठेक्का नं. र मिति | निर्माण व्यवसायी | काम सम्पन्न भएको वा हुने दिन | जमानतको कायम अवधि | बैंक जमानत रकम |
|---|---|---|---|---|
| १।२०७६।७७ | रविना/अविषा जे.भी. | २०७८।९।७ | २०७८।९।१७ | ५३,००,०००।- |
| २।२०७६।७७ | दुदराज निर्माण सेवा प्रा.लि. | २०७७।९।२० | २०७८।४।१५ | ३०,५०,०००।- |
| ५।२०७६।७७ | तामागं कन्ट्रक्सन | २०७७।१०।३० | २०७८।९।१५ | १०,१५,२०१। |

कार्य सम्पादन जमानत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत वोलपत्रको वोलपत्रदाताले ऐनको दफा २७(४) वमोजिम तोकिएको म्याद भित्र वाणिज्य वैंकबाट जारी भएको वैंक जमानत पेश गर्नु पर्ने र ऐनको दफा २७(४) मा यसरी जमानत दाखिला गर्दा वोलपत्रदाताले सो दफामा तोके वमोजिमको रकम वापत कार्य सम्पादन जमानत लिनुपर्ने व्यवस्था छ । यस कार्यालयले गोगने कालिकाटार सडक आयोजनाको निर्माण व्यवसायी द्रुदराज निर्माण सेवा प्रा.लि.संग निम्नानुसार रु. ३६८४६०।– कम कार्यसम्पादन जमानत राखेको देखिएकोले सो रकमको कार्य सम्पादन जमानत थप तिर्नुपर्ने देखिएको रु..........................

| ठेक्का नम्वर | लागत अनुमान | कवोल अंक | हुनुपर्ने कार्य सम्पादन जमानत रकम | भएको कार्य सम्पादन जमानत रकम | घटी रकम |
|---|---|---|---|---|---|
| २।२०७६।७७ | १४७०४७९५।- | ६२९१२८४।०३ | ३४१८४६०।०६ | ३०५००००।- | ३६८४६०। |

**वोलपत्रको स्वीकृति**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ वमोजिम सार्वजनिक निकायले दफा २२ वमोजिम खोलेको वोलपत्र मूल्यांकन समितिमा पेश गर्नुपर्ने र समितिको मूल्याकंन एवं शिफारिशको आधारमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ वमोजिम तोकिएको कार्यालय प्रमुखले सो वोलपत्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा यस वर्ष २२ निर्माण कार्यको वोलपत्र स्वीकृत गर्दा तदनुसार नभई प्रमुख कार्यकारी अधिकृत संयोजक रहेको ४ सदस्यीय मूल्याकंन समितिले वोलपत्र मूल्याकंन गरी निर्णयका लागि शिफारिस गरेको तर अधिकार प्राप्त अधिकारीवाट वोलपत्र स्वीकृत भएको पाइएन । अतः मूल्याकंन समितिको शिफारिस पश्चात तोकिएको श्रेणीको कार्यालय प्रमुखवाट वोलपत्र स्वीकृतको निर्णय गरिनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार छन् ।

| ठेक्का नम्वर | निर्माण कार्य | सम्झौता रकम | सम्झौता मिति |
|---|---|---|---|
| ९।२०७७।७८ | १० वेड प्राथमिक अस्पताल | ६५८९९१७६।- | २०७८।२।२७ |
| ७।२०७७।७८ | मानेभज्याङ्ग, दमर अल्छे कप्सेरी पकनी सडक | ६४४००९६।- | २०७७।९।२ |
| ६।२०७७।७८ | घुमाउने बुकटी लिच्छे लवाटी सडक | ५८११४६०। | २०७७।९।२ |
| १०।२०७७।७८ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५२४०३१०। | २०७८।२।१४ |
| २।२०७७।७८ | प्रदेश स्तरीय ग्रामीण सडक प्याकेज | ३३७१५०५।- | २०७७।९।२ |

**गुणस्तर आश्वस्त योजना**- यस पालीकाले भवन र सडक निर्माण तथा स्तरोन्नति कार्यको गुणस्तर कायम गर्न निर्माण व्यवसायी संग सम्झौता गर्दा गुणस्तर आश्वस्तता योजना तयार गरी सो को पालना गर्नुपर्ने व्यवस्था छ । यस पालीकाले गत वर्षका १९ र यस वर्षका २२ निर्माण कार्यको तदनुसार गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वियन गरेको देखिएन । अतः सो योजना तयार गरी योजना तोकिएको Frequency अनुसार निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर कायम गरिनु पर्दछ ।

१० शैयाको प्राथमिक अस्पताल भवनको लागत अनुमान रु.८९८२७१५९।२९ मध्ये भुईतलामा मेशिनद्धारा इटाको गाह्रो लगाउने कार्य ( Norms: ५(१) क ३ र ५ (२) क) मा १ घ.मी. का लागि सिपालु श्रमिक १.५ जवान, ज्यामी २.२० जवानका अतिरिक्त उक्त नर्मसमा नभएको थप ज्यामी ०.७० जवान समावेस गरी जिल्ला दररेट ६७५।– ओभरहेड १५ प्रतिशत, कन्टीन्जेन्सी ३ प्रतिशत र मू.अ.कर सहित कूल रु.२४१२८०।– वढी व्यय भार जोडिएको छ । भवन निर्माण कार्यका लागि मेशिन प्रयोग गरी सुपर स्ट्रक्चरमा १: १.५.३.(M20) अनुपातमा PCC गर्ने कार्यका लागि प्रति घ.मि.डिजल ३ लि.रु.६७।२६ का दरले पेट्रोल

| | | | | |
|---|---|---|---|---|
| | | | ०.१० लिटर ८६।२८ का दरले र मिक्स्चर ०.६० घण्टा १८७५।– का दरले ६१४.२४ घनमीटरको १७३५।३५ ले रु.१०६५९२२।– लागत अनुमानमा समावेस गरेको छ । मकवानपुर जिल्लाको आ.व. २०७७।७८ को स्वीकृत जिल्ला दररेटमा उक्त डिजल, पेट्रोल र मिक्स्चरको दररेट नभएकोले सो दररेट कसरी कायम भएको हो । लेखापरीक्षणमा स्पष्ट हुन आएन । | |
| ३७ | | | **नन्फाइलर**<br>ननफाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर गाउँपालिकाबाट पजिता।सम्मबृद्धि नेपाल जेभीलाई मू.अ.कर रु २०७९५४ समेत रु ३६१५२०९ भुक्तानी दिएकोमा २०७७ माघ देखि लेखापरीक्षण अवधि सम्म पनि उक्त फर्म कर विवरण नबुझाई ननफाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार कर विवरण नबुझाएकोले रु२०७९५४। कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने रु. | २०७,९५४ |
| ३८ | | | **शून्य प्रगति**<br>**सून्य प्रगति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसंग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम शुरु नगरेमा, काम शुरु गरी विचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने र दफा ५९(८) मा त्यस्तो निर्माण व्यवसायीको सो काम वापत राखेको जमानत पुरै जफत हुने व्यवस्था छ । प्राप्त विवरण अनुसार निम्न निर्माण व्यवसायीले निर्माण सम्झौता वमोजिम तोकिएको समयमा सम्पन्न गर्नुपर्ने निर्माण कार्य शुरु नै नगरेकोले उक्त व्यवस्था अनुसार निजहरुको ठेक्का अन्त्य गरी निजहरुको रु. १३५,४०,५००। जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम समेत सरकारी बाँकी सरह असूल गर्नुपर्ने देखिएको रु ................................ | १३,५४०,५०० |

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र दाताको नाम | कबोल रकम | सम्झौता मिति | बैंक जमानत रकम |
|---|---|---|---|---|---|---|
| 1 | 14/2077/78 | Road Construction Works on Manebhyajang-Damar-Alchhe-Kapseri-Pakani Road Project-II | Sandhya/Reejan JV | 5600911.75 | 2078.1/12 | २८६५००० |
| 2 | 08/2077/78 | Construction Of Kailash Sahaide Smiriti Foundation Building, Bhawani Mavi Ghaderi Nirman And Jivan Jyoti Adharbhut School Building | ShantiDevi/Kalinag JV | 5088541.95 | 10/29/2077 | ८९५००० |
| 3 | 15/2077/78 | Road Construction Works on Ghumaune, Bukuti, Likche, Lawati Road Project-II, | Sandhya/Reejan JV | 4663306.14 | 1/12/2078 | ३५६०००० |
| 4 | 18/2077/78 | Majuwa Sanulekh Road Project-II | Shikhar Engineering | 3413765.61 | 3/9/2078 | १११७००० |
| 5 | 15/2076/77 | Ward Level Basic Health Centre Building | Bir Rolpali Nirman Sewa | 3229465.71 | 3/31/2077 | १६५००० |
| 6 | 11/2077/78 | Construction Works Road Of Sthaniya Purbahader Bikash Sajhedari Karyakaram package | Shikhar Engineering Construction | 3020108.19 | 12/11/2077 | ७६६००० |
| 7 | 17/2076/77 | Ward Level Basic Health Centre Building | Bir Rolpali Nirman Sewa | 2987050.21 | 3/31/2077 | २२०००० |
| 8 | 19/2077/78 | Gogane Kalikatar Road Project | Shikhar Engineering | 2634791.5 | 3/9/2078 | १७१५००० |
| 9 | 13/2077/78 | Tallo Pakani Lift Water Supply System | Bir Rolpali Nirman Sewa | 2591342.76 | 3/31/2077 | १२५००० |
| 10 | 07/2076/77 | Syarse-Ghairang Road Project | Shikhar Engineering Construction | 2570447.84 | 12/5/2076 | ९२०५०० |
| 11 | 16/2077/78 | Road Construction Works on Package Of Pradesh Stariya Municipality Road Project-II, | Sandhya/Reejan JV | 2548817.06 | 1/12/2078 | ८१०००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 12 | 17/2077/78 | Road Construction Works on Kalikatar Namtar Road Project-II, | Bir Rolpali Nirman Sewa | 1786944.84 | 1/12/2078 | ३८२००० |
| | | | जम्मा रकम | 40135493.6 | | १,३५,४०,५०० |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **पेश्की जमानत जफत**<br>ठेक्का नं.६।२०७७।७८ को घुमाउने बकुटी विक्चे लावती सडक योजनाको निर्माण व्यवसायी सुशन शुभ विहानी जे.भी.लाई सम्झौता अनुसार भौ.नं. १५२। २०७७।११।२० मा पूँजिगतबाट रु.१०२००००।– पेश्की दिएको रकम भौ.नं. १८५।२०७७।१२।३० मा फर्स्यौट भै सकेको अवस्थामा पुनः १८६।२०७७।२। ३० मा रु.१०२००००।– पेश्की जनाएकोमा भौ.नं.२९३।२०७८।२।७ मा रु.५१००००।– र भौ.नं.४२१।२०७८।३।३० मा रु.५१००००।– गरी रु.१०२००००।– पेश्की भैसकेको देखिन्छ । तर निज निर्माण व्यवसायीको नाममा भौ.नं.२९३।२०७८।२।७ मा पुनः रु.१०२००००।- पेश्की जनाएको रकम वर्षान्तमा बाँकी देखिएको छ । यसरी सम्झौताको आधार वेगर पटक पटक पेश्की जनाउने र फर्स्यौट गर्ने गरेको र सम्झौता अनुसार ८० प्रतिशत समय कटी सकेको अवस्थामा पुरै मोविलाइजेशन पेश्की फर्स्यौट गर्नु पर्नेमा पेश्की बाँकी रहेको रकम असूल गरी दाखिला गर्नु पर्ने रु. ........................................................................................ १०२००००।· | १,०२०,००० |
| ४० | | | **रित पूर्वक कर विजक नभएकोः**<br>मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले रितपूर्कको कर वीजक बेगर देहायका सप्लायर्सबाट मु.अ.कर रु १००३४७ समेत रु ८७२२४७ सामान खरिद गरेको छ।तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर गाउँपालिकाबाट भुक्तानी लिएकोले सो रकम मू.अ.कर समाायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १००,३४७ |

| शिर्षक | गो.भौ.नं र मिति | फर्मको नाम | विल रकम भ्याट सहित | भ्याट रकम | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका पूँजिगत | ८१।०७७।१०।४ | गौरीशंकर छापाखाना हेटौडा | ४३७३१० | ५०३१० | पहिलेको कर विजक नं ५०४८ लाई केरमेट गरी ५० बनाएको |
| प्रकोप व्यवस्थापन | १२।०७८।३।२६ | झरना इन्टरप्राइजेज काठमाडौ | ४३४९३७ | ५००३७ | पहिलेको कर विजक केरमेट गरी २७३ बनाएको |
| | जम्मा रू | | ८७२२४७ | १००३४७ | |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ४१ | | | **नपुग अग्रीम करः**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९मा भुक्तानीमा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन प्रविधि अध्यायन तथा प्रतिवेदनको श्री दिनेश हुँमागाईलाई रू २९७००० भुक्तानी गर्दा १५ प्रतिशतले कर कट्टि रू ४४५५० गर्नु पर्नेमा रू २३२४१ मात्र कर कट्टि गरी भुक्तानी गरेको देखियो । तसर्थ उक्त बाँकी कर रू २१३०९ सम्बन्धीत व्यक्तीबाट असुल हुनुपर्ने रु. | २१,३०९ |
| ४२ | | | **बिलभरपाई नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले निम्न संघसंस्था र फर्मलाई बिलभरपाई विना र फोटोकपी विल पेश गरी रू ५३९२२७ भुक्तानी गरेको छ ।फोटोकपि बिललाई बास्तविक विल मान्न सक्ने आधार नदेखिएकोले सक्कल बिल र बिल भरपाई पेश गर्नु पर्ने अन्यथा विल भरपाई बिना खर्च लेखेको रकम असूल हुनु पर्ने रू | ५३९,२२७ |

| गाउँपालिका पूँजीगत | | | | कैफियत |
|---|---|---|---|---|
| गो भौनं र मिति | व्यक्ती/संघ/संस्था/फर्मको नाम | कामको विवरण | भूक्तानी रकम | |
| १७६।०७७।१२।२४ | राइटे सञ्चार केन्द्र प्रा.ली. | डकुमेन्ट्री निर्माण | ९८५०० | दर्ता प्रमाण पत्र, कर चुक्ता र भ्याट दर्ता लगायतको कागज पत्र नभएको |
| २४७।०७८।१।२८ | रत्न ज्योति निम्न माध्यमिक विद्यालय | बिद्यालय शैक्षिक पूर्वाधार विकास | ३९४१२७ | विल भरपाई नभएको |
| २९७।०७८।२।७ | कृतज्ञ इन्टर प्राइजेज हेटौडा | मसलन्द | ३६४०० | फोटकपी विल |
| | जम्मा रू | | ५२९०२७ | |
| प्रकोप व्यवस्थापन कोष | | | | |
| २३।०७८।३।२८ | ब.ज.अ. श्री प्रणय कुमार उपाध्य | बैठक भत्ता | ५१०० | भत्ता बुझेको भर्पाई नभएको |
| | शि.अ. श्री सूर्य वहादुर थिङ्ग | बैठक भत्ता | ५१०० | भत्ता बुझेको भर्पाई नभएको |
| | जम्मा रू | | १०२०० | |
| | कुल जम्मा(क+ख) रू | | ५३९२२७ | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **बिभागीय स्वीकृति वेगर कार्या गरेकोः**<br>यस गाउँपालिकामा नदी जन्य पदार्थ उत्खनन प्रविधि अध्ययन तथा प्रतिवेदनको लागि दिनेश हुँमागाईलाई काम सम्पन्न गरी रू २९७००० भुक्तानी गरेको देखिन्छ । सो दिनेश हुँमागाई भन्ने व्यक्ति डिभिजन वन कार्यालय राप्ती मकवानपुरको सहायक वन अधिकृत पदमा कार्यरत रहेको भन्ने डिभिजन वन कार्यालय | २९७,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | राप्तीको लेखापरीक्षणमा अवगत भएकोले आफ्नो पदलाई खुलासा नगरी गाउँपालिका कामको सम्पन्न गरी भुक्तानी समेत भएको देखिन्छ । प्रदेश सेवामा कार्यरत रहेको व्यक्तीले विभागीय स्वीकृत नलिई कामकारवाही गर्न गराउन हुदैन । सो सम्वन्धमा छानविन गरी पूर्णकालिन समय कार्यरत रहेको कर्मचारीले स्वीकृती वेगर सोही समयमा व्यक्तिगत तवरले परामर्शसेवा दिई भुक्तानी लिएकोले सम्वन्धित व्यक्तिबाट असूल हुनु पर्ने रू | |
| ४४ | | | **उपभोक्ता समितिः**<br>लागत सहभागिताः गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीयतहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ।तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ।<br><br>उपभोक्ता समितिः गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका ९० योजना मध्ये २५ योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियम 115.1 अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि 2075 अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ । | |
| ४५ | | | **हेभी इक्विपमेण्टको प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभीमेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभीमेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति सँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभीमेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन: | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>काम</th><th>मेशिन</th><th>सम्झौता रकम</th><th>मेशिनको र इन्धनको भुक्तानी रकम</th></tr>
<tr><td>एक्साटोल राकस चौकीराई सप्रु सडक</td><td>जेसीवी</td><td>५५४९७४।९</td><td>५०००५०</td></tr>
<tr><td>सानोडाँडा खर्क धोवीखोला सडक योजना</td><td>जेसीवी</td><td>२४८८९७।४२</td><td>२४५८७२</td></tr>
<tr><td>पाख्रे गोकुवा सडक योजना</td><td>जेसीवी</td><td>६६००६१।३९</td><td>६६०६१५</td></tr>
<tr><td>जलुकी माथिल्लो टोल सडक योजना</td><td>जेसीवी</td><td>३३०६७०।७८</td><td>२३४९७५</td></tr>
<tr><td>सुकु भञ्ज्याङ्ग आमडाँडा सडक योजना</td><td>एक्साभेटर (ब्रेकर ) र एक्साभेटर (बकेट)</td><td>६६०५९३</td><td>७४५५७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सामाजिक सुरक्षाः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा दाखिला गर्न पर्ने व्यवस्था रहेको छ । गाउँपालीकाले आ.व. २०७७।७८ मा ३ वटा चौमासिक सामाजिक सुरक्षा कार्यक्रम वापतको रकम रु.३८९५१६८४। बैक निकासा गरेकोमा रु. ३८५२२०७४।- मात्र वितरण गरी बाँकी रु.४२९६१०। अन्त्यमा बैक मौज्दातमा रहेको देखियो। उक्त बाँकी रकम केन्द्रिय संचित खातामा दाखिला गर्नु पर्ने रु.</td><td>४२९,७१०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>चौमासिक।लक्ष्य प्रगती। अन्तरीक लेखापरीक्षण<br>१ चौमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।</td><td></td></tr>
</table>

| बजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रे चौमासिक | |
| २८४०९६ | १९५८३२ | २४९७९ | ६०५८४ | ११०२६८ | ४०५०८ |
| खर्च प्रतिशत | ६८.९३ | ८.७९ | २१.३२ | ३८.३१ | १४.२५ |

लक्ष्य प्रगतिः गाउँपालिकाले यसवर्ष ३३९ र क्रमागत १ गरी जम्मा ३४० योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को ४२ वटा र १ वटा क्रमागत गरी जम्मा ४३ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको २९७ र क्रमागत शुन्य गरी जम्मा २९७ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ। गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन।अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

आन्तरिक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण बार्षिकरूपमा नै गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।

४८

**शिर्षकगत अभिलेख।परामर्शसेवा**

शिर्षकगत अभिलेखः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नुले विनियोजन अनुसार निकाशा भयो भनि एकिन गर्ने आधार भएन । बर्सान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| | | | |
|---|---|---|---|
| | | | परामर्श सेवा– सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्शसेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ।यस वर्ष गाउँपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद माग गर्दा प्रतिस्पर्धा नगराई सोभै खरिद गरी रू.३७९५७५० खर्च लेखेका छन्।गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नु पर्नेमा सो गरेको देखिएन। |

| कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृतबजेट | खर्च रकम |
|---|---|---|---|
| खानेपानी योजना | प्रसुन इन्टरनेशनल | ८०००० | ८०००० |
| राउते सानुखोल दुम्सीखर्क सडक डि. पि. आर | ब्रज कन्सल्टिङ्ग प्राली | ४९६१४३ | ४९६१४३ |
| कानून कार्यविधि निर्माण तथा निर्देशिका कार्यविधि मापदण्ड निर्माण | नेपालइन्जियरीङ्ग रिसर्च एण्ड एड मिनि स्ट्रेटीय कन्सल्टेन्सी सेन्टर प्राली | ४९७००० | ४९७००० |
| वातावरणीय कानूनहरूको मस्यौदा तयारी तथा प्रस्तुती | ग्रुप अफ कन्सल्ट्यान्टस् | २९६९९९ | २९६९९९ |
| नदीजन्य पदार्थ उत्खनन प्रविधि अध्यायन तथा प्रतिवेदन | श्री दिनेश हुँमागाई | २९७००० | २९७००० |
| सङ्गेछोईलिङ्ग बौद्ध गुम्वा कैलाश ५को बिस्तृत सर्भे डिजाइन इष्टिमेट कार्यको डिपिआर | एन पि इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड डिजाइनर | २९४८७३ | २९४८७३ |
| गुप्तेश्वरी गुफा पर्यटन क्षेत्र विकास | सजोनित इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | २९९२८० | २९९२८० |
| ड्यान्द्रुङ्ग लिक्चे क्षेत्र विकास डिपि आर | | ३९६५४५ | ३९६५४५ |
| सालबास पर्यटन क्षेत्र विकास | | ३९६५४५ | ३९६५४५ |
| थुम्कीडाँडा पर्यटन क्षेत्र विकास | | ३४४८२० | ३४४८२० |
| घैराङ्ग पर्यटन क्षेत्र विकास | | ३९६५४५ | ३९६५४५ |
| जम्मा रू | | ३७९५७५० | ३७९५७५० |

४९

**बिबिध खर्च।पूँजिगत बजेट बाट चालू प्रकृतिको खर्च**

विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही मितव्ययी तरिकाले विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विविध शिर्षकमा रु १३५७१५३।०० खर्च गरेको छ ।


https://nams.oag.gov.np

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरण मूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नु पर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ।तर गाउँपालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगतशीर्षकबाट रू ४७०८६६१ भुक्तानी दिएको पाईयो।

| शिर्षक | गो.भौ.नं र मिति | भूक्तानी पाउने व्यक्ति/ संघ/संस्था र फर्म | कामको विबरण | भूक्तानी भएको रकम |
|---|---|---|---|---|
| गाउँपालिका पूँजिगत | ८१।०७७।१०।४ | गौरीशंकर छापाखाना हेटौडा | कानून कार्यविधि तथा ऐन संग्रह छपाई | ४३७३१० |
| | ८२।०७७।१०।४ | रिजाल हाडवयेर | फोहोरमैला व्यवस्थापन सामाग्री खरीद | ४८३०७५ |
| | ८३।०७७।१०।४ | गौरीशंकर छापाखाना हेटौडा | कानून कार्यविधि तयारी मस्यौदा छपाई | ७७०६६ |
| | ९२।०७७।१०।१४ | म्यूजिक क्राफ्ट सेलर प्रालि | बिभिन्न बाजा खरीद | १२०३४५ |
| | ९५।०७७।१०।२१ | पल्स इन्टरप्राइजेज | खेलकुदको सामाग्री खरीद | ४८२९६२ |
| | २३९।०७८।१।२६ | मकववनपुर जिल्ला संघ | खेलकुदको सामाग्री | ३००००० |
| | ११९।०७७।११।१२ | सारन्टिफिक मेडिकल टेक्नोलोजिज प्रालि | मावी विज्ञान प्रयोगशाला व्यवस्थापन खर्च | २८०७९०३ |
| | | जम्मा रू | | ४७०८६६१ |

५० २०७९-१-५

**प्रधानमन्त्री रोजगार कार्यक्रम।स्थानिय पूर्वाधार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रमः प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा

सहयोग पुर्याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन। तसर्थः कार्यक्रमको मुल लक्ष्य तथा उद्देश्य अनुसार आर्थिक विकासमा योगदान पुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्दछ ।स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ ।यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५८८ जना लाई रोजगारी उपलव्ध गराई रु ८८८७८७८ खर्च गरेको छ।लक्षित वर्ग लाई १५ दिन देखि ४८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।

| क्र.स | आयोजनाको नाम | विनियोजित बजेट | भुक्तानी रकम | संलग्न कामदार | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| | | | | | प्रतिशत | प्रतिशत |
| 1. | मुलखोला दोभान जलुके सिंचाई | ५१९२०० | ५०८७६६ | ४० जना | ९८ | ९० |
| 2. | खानीखोला सिंचाई योजना | ३८७०० | ३७९९९८ | ३२ जना | ९७.९८ | ९५ |
| 3. | कैलाश २ का सडकहरु मर्मत | ५१९२०० | ५०८७४५ | ४५ जना | ९७.९८ | ९५ |
| 4. | बालुवा भन्ज्याङ बैकुण्ड सडक नाला | ३८७८०० | ३७९९९८ | २१ जना | ९७.९८ | ९४ |
| 5. | स्याजुक रिजालबारी सडक मर्मत | ५१९२०० | ५०८८०७ | २० जना | ९८ | ९६ |
| 6. | जाँते सडक मर्मत तथा विस्तार | ३८७८०० | ३७९९६७ | १५ जना | ९७.९८ | ९५ |
| 7. | चम्पाखानी देउराली लावती गोरेटो बाटो | ३८७८०० | ३८००२४ | २६ जना | ९८ | ९६ |
| 8. | टकुवा घैयाखोरिया पोटवाङ्ग सोलिङ्ग सडक | ५१९२०० | ५०८८१२ | २१ जना | ९८ | ९६ |
| 9. | बाँसखोला सिंचाई योजना | ३८७८०० | ३७९९९३ | २० जना | ९७.९८ | ९६ |
| 10. | डाडाँबास बाङ्गे कृषि सडक | ५१९२०० | ५०८७१३ | २० जना | ९७.९८ | ९६ |
| 11. | विर्ता ठुलोचौर सडक र खाल्टेखोला सुंगुरे सिंचाई | ५१९२०० | ५०८७५५ | ४८ जना | ९७.९८ | ९५ |
| 12. | राउते सानोलेक सडक मर्मत | ३८७८०० | ३८००३९ | २० जना | ९८ | ९५ |
| 13. | रतुवा ताम्लाङ्ग सडक मर्मत | ३८७८०० | ३७९९९८ | २५ जना | ९७.९८ | ९२ |
| 14. | वडा नं. ७ का सडकहरु मर्मत | ५१९२०० | ५०८७५५ | ३३ जना | ९८ | ९० |
| 15. | रान्चुराङ दुब्लुङ गोरेटो बाटो | ५१९२०० | ५०८७५५ | ३८ जना | ९८ | ९० |


https://nams.oag.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16. | आङती सिरान दमार ग्रामीण सडक | ३८७८०० | ३७९९१० | २९ जना | ९७.९६ | ९० |
| 17. | नामटार खेलकुद मैदान मर्मत | ३८७८०० | ३८०२९० | २७ जना | ९८.०६ | ९५ |
| 18. | बरेटारआम्बोटे पञ्थेडाडाँ कृषि सडक स्तरउन्नती | ५१९२०० | ५०८७६० | ३३ जना | ९७.९८ | ९० |
| 19. | दुवोखोलाखोलाबारी बटेचौर र छतिवन सिंचाई | ५१९२०० | ५०८७५५ | ४२ जना | ९८ | ९५ |
| 20. | दुवोखोला चौकीढाप सिंचाई योजना | ३८७८०० | ३७९९९८ | ३३ जना | ९७.९८ | ९० |

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्चात योजना संचालन गर्नुपर्न व्यवस्था रहेको देखिन्छ । यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ ।जसले गर्दा स्थानीय आवस्यकताको सम्वोधन नहुने हुँदा गाँउपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरी प्रभावकारी योजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

५१ **कन्टिन्जेन्सी खर्च।गत वर्षको दायित्व**

कन्टिन्जेन्सी खर्चः यस गाउँपालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी एकमुष्ट रुपमा खर्च गर्ने गरेको देखियो।योजनाको लगत र कन्टेन्जेन्सीको खाता नराखेको कारणले कन्टिन्जेन्सीको रकम यकिन हुन सकेन । कन्टिन्जेन्सीको खर्च स्पष्ट हुने गरी अभिलेख राख्नु पर्दछ । साथै कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

गत बर्षको दायित्व – आर्थिक कार्य विधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण ७ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्न पर्ने व्यबस्था छ । यस गाउँपालिकाले २०७६।७७ मा बोका खरीदको रकम विभिन्न कृषि बाख्रा फर्महरु लाई रु २७९९२७० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी मिति २०७७।०५।१५ गते यस गाउँपालिकाको अध्यक्ष श्री टंक वहादुर मुक्तानको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक वसी गत वर्ष कार्यसम्पन्न भएका तर भुक्तानी हुन वाँकी रहेकालाई यस आर्थिक वर्ष ०७७।७८ मा पूँजीगत शिर्षकमा कार्यक्रम राखी यो बर्ष भुक्तानी गरेको देखिन्छ। बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ।

५२ **बीउ पुँजीः**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहवाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्वन्धि कार्यक्रमहरुका लागि संञ्चालन मार्गदर्शन पुस्तिकाको कार्यक्रम नं. ६.१७ अनुसार किशोरी महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि स्कुलमा सेनेटरी प्याड वितरण कार्यक्रम अनुसार विनियोजना भएको रकम रु. ४००००। लाई बिउ पुँजीको रुपमा प्रयोग गरी सोही बमोजिम कोष खडा गरी सोही कोषवाट आवश्यक परिमाणमा सामाग्री खरिद गरी बितरण प्रकृया अवलम्वन गर्नु पर्ने देखिन्छ। गाउँपालिकाले कोष खडा नगरी विनियोजन रकमबाट सिधै प्याड खरिद गरी खर्च लेखेको छ। अतः नियमानुसार कोष खडा गरी खर्च गर्नुपर्दछ। | |
| ५३ | | | **मौरी पकेट क्षेत्रः**<br>कैलास गाउँपालिका आ.व. २०७७।७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम (५० प्रतिशत अनुदान) अन्तर्गत वडा नं ३ कैलासमा मौरी पकेट क्षेत्र सञ्चालन गर्न रु.१२००००० वजेट विनियोजन गरेको देखियो। सो कार्यका लागि रु. २३२५०००। को लागत तयार गरी डाँफे कृषक समूह (दर्ता नं. ६१२९५१७५८) सँग मिति २०७८।१।१४ मा सम्झौता गरेको देखियो। उक्त समूहले आधुनिक मौरी पालन परियोजना सम्पन्न गरी रु. २३१७९७०। को बिल भर्पाई पेश गरेको देखिएकोले सम्झौता बमोजिम अनुदानग्राहीलाई ५० प्रतिशत रकम संघीय सशर्त चालु शिर्षक वाट रु. ११९२९६९। मा कर कटाई खुद रु ११५२६९६।४६ भुक्तानी गरेको देखियो। कृषक समूहले Mountain Bee Concern lalitpur 24 Dhapakhel ३० घार एपिस मेलिफेरा र घार एपिस सेरेना जातका मौरी खरिद गरी ल्याएकोमा एपिस मेलिफेरा जातका मौरी यस ठाउँको लागि उपयुक्त नभएको पाईएको छ। कुनै पनि परियोजनामा लगानी गर्न पुर्व त्यसको सम्भाव्यताको वृहत अध्यायन गरेर मात्र लगानी गर्न उपयुक्त हुन्छ। | |
| ५४ | ४८० | २०७८-२-६ | **वढी भूक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ को नियम ३९को उपदफा १० मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भूक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाको सुविधा सम्वन्धी परिच्छेद -६ अनुसार प्रमुख प्रशासकिय अधिकृतलाई संचार सुविधा वापत मासीक रू २००० का दरले १२ महिनाको रु.२४०००। भूक्तानी दिनु पर्नेमा रु.३६५००।– भूक्तानी दिएको छ । वढी भूक्तानी भएको रकम रू १२५००।०० असूल हुनुपर्ने रू | १२,५०० |
| ५५ | २२३ | २०७८-१-२४ | **विल भरपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ को नियम ३९को उपदफा १० मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भूक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गाउँपालीकाले प्रभात पब्लिकेशन प्रा.लि.लाई सूचना प्रकाशन गरे वापत रु. ६८०००। खर्च लेखेको छ । उक्त पब्लिकेशन प्रा.लि.ले रकम वुझिलिएको भरपाई संलग्न नदेखिएकोले उक्त रकम वुझेको भरपाई पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रू | ६८,००० |
| ५६ | 476 | २०७८-२-१५ | **गाडी भाडाः** | ३८,७०० |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ को नियम ३९ अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्च गर्ने निकासा दिन रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र दिन सकिने व्यवस्था छ। गाउँपालीकाले निषधाज्ञाको समयमा मिति २०७८।१।२ देखि २०७८।१।३१, मिति २०७८।२।२ र २०७८।२।१४ मा कर्मचारीहरुलाई ल्याउने र पुर्‍याउने भनी गाडी भाडा रु.३८७००। खर्च लेखेको छ । गाडी कुन स्थान देखि कुन स्थान सम्म चलेको, गाडी संचालन गर्न गाडी धनीसँग गरिएको सम्झौता समेत भएको नदेखिएकोले नियम विपरीत गरीएको असुल हुनुपर्ने रु. ३८७००।–</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>बेरुजु अनुगमन तथा सम्परीक्षण : यस पालिकाको बेरुजु सम्परीक्षण तथा अनुगमनको स्थिति देहाय अनुसार छ ।
<table>
<tr><th>गत बर्षान्तको बाकी बेरुजु</th><th>यस वर्ष सम्परीक्षण भएको</th><th>गत बर्षको बाकी बेरुजु</th><th>सम्परिक्षणवाट कायम बेरुजु</th><th>यस बर्षको बेरुजु</th><th>हाल सम्मको बेरुजु</th></tr>
<tr><td>५७२३९</td><td>७२८</td><td>५६५११</td><td>०</td><td>४६४०२</td><td>१०२९१३</td></tr>
</table>
क। सम्परिक्षण भएको बिवरण
<table>
<tr><th>आ.व.</th><th>बेरुजु दफा</th><th>बेरुजुको छोटकरी व्यहोरा</th><th>सम्परीक्षणको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७६।७६</td><td>४९</td><td>जोखिम भत्ता वढी भूक्तानी भएको</td><td>दाखिला भएको प्रमाण पेश हुन आएको</td><td>२७५११९३।६६</td></tr>
<tr><td>२०७५।७६</td><td>५०</td><td>अग्रिम कर रकम कट्टी गरेको</td><td>दाखिला भएको प्रमाण पेश हुन आएको</td><td>४५२५९५।२</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>७२७७८८।८६</td></tr>
</table></td><td></td></tr>
</table>